*प्रकाशक र विशेष सल्लाहकार*

**भिक्षुणी धम्मवती**

फोन: ४२५९४६६

*सम्पादक*

**भिक्षुणी वीर्यवती**

**फोनः ४२५९४६६**

*सम्पादन सहयोगी*

**भिक्षुणी शुभवती**

*व्यवस्थापकहरू*

**चिनीकाजी महर्जन**

फोन: ९८४१२५२६६२

**ज्ञानेन्द्र महर्जन**

फोन: ४२७५३७७,९८४१३६६५१४

**ध्रुवरत्न स्थापित**

फोन: ९८४१२६३३५५

*सह-व्यवस्थापक*

**इन्द्रमान महर्जन**

फोन: ९८४१४३४५७२

*कार्यालय*

**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**

**धर्मकीर्ति विहार**

श्रीघ: नघ:टोल

पोष्ट बक्स नं. ४९९२, काठमाडौं

फोन: ४२५९४६६

बुद्ध सम्बत् २५६२

नेपाल सम्बत् ११३९

इस्वी सम्बत् २०१९

बिक्रम सम्बत् २०७६

| | |
|---|---|
| विशेष सदस्य | रु. २०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. १००/- |
| यस अङ्कको | रु. १०/- |


# धर्मकीर्ति

(बौद्ध मासिक)

# THE DHARMAKIRTI

## A Buddhist Monthly

**16th JULY 2019**

| वर्ष- ३७ | अङ्क- ३ | असार पुन्हि | असार २०७६ |
|---|---|---|---|





- अनर्थ पदले युक्त हजारौं कुराहरू गर्नु भन्दा अर्थपूर्ण एउटा मात्र भएपनि कुरा गर्नु उत्तम छ। जुन कुरा सुनेर शान्ति प्राप्त हुनेछ।

- अनर्थ पदले युक्त हजारौं गाथाहरू सुन्नु भन्दा अर्थपूर्ण गाथा एउटै मात्र भएपनि सुन्नु उत्तम हुनेछ। जुन गाथा सुनेर शान्ति प्राप्त हुनेछ।

- अनर्थ पदले युक्त हजारौं गाथा पढ्नु भन्दा अर्थपूर्ण एउटा मात्र भएपनि गाथा पढ्नु उत्तम हुनेछ । जुन गाथा पढेर शान्ति प्राप्त हुनेछ।

Downloaded from http://www.dhamma.digital

## ▪ सम्पादकीय ▪

# धर्मचक्र दिवस

वैशाख पूर्णिमा पछिको महत्वपूर्ण पूर्णिमा असार पूर्णिमा हो । वैशाख पूर्णिमाको दिन प्राप्त गर्नुभएको ज्ञानलाई भगवान बुद्धले असार पूर्णिमाको दिनमा मात्र प्रथम पटक प्रचारमा ल्याउनु भएको थियो । यस शिक्षा धर्म चक्र प्रवर्तन सूत्रको नामले प्रसिद्ध छ। भगवान् बुद्धले बुद्ध भइसक्नु भएपछि परिनिर्वाण हुनु अगाडि सम्म ४५ वर्ष सम्म मानिसहरूलाई सिकाउनु भएको शिक्षाहरूको मूल श्रोत धर्मचक्र सूत्रमा आधारित छन् ।

धर्मचक्रको अर्थ धर्मको गतिशीलता, चलायमान्, फैलाउनु, प्रचारप्रसार गर्नु आदि बुझिन्छ। बुद्धत्व प्राप्ति पछि भगवान बुद्धले आफूले प्राप्त गरेको ज्ञान प्रचार गर्ने इच्छा राख्नुभयो। तर चतुआर्य सत्य र आर्य अष्टाङ्गिक मार्ग जस्तो गम्भिर ज्ञान बताउने अवस्थामा यस गम्भिर शिक्षालाई बुझ्न सक्ने क्षमता सहितको श्रोतावर्ग पनि त हुनुपर्‍यो नि भन्ने विचारले उहाँ अलि सोचमा पर्नु भएको देखिन्छ। तब उहाँले आफुसंगै ज्ञानको खोजीमा लागिरहेका पञ्चभद्रवर्गीहरू (कौण्डञ्ञ, वप्प, भद्दिय, महानाम र अस्सजि) मा यो ज्ञान बुझ्न सक्ने क्षमता देख्नुभयो । त्यसैले भगवान् बुद्ध उनीहरू रहेको स्थान सारनाथ स्थित मृगदावनमा पुग्नुभयो ।

वास्तवमा पञ्चभद्रवर्गीहरूले सिद्धार्थ कुमारले खाना खाएर ज्ञानको खोजीमा लाग्नु भएदेखि उहाँलाई त्यागी सारनाथमा पुगेका थिए। जब बुद्ध उनीहरू समक्ष आउनु भयो, तब उनीहरूको आफ्नो मिथ्या धारणा अगाडी सारी यसरी सोचेका थिए ।

"खाना खानमा भुली मोटाएर आएका सिद्धार्थ हामी साम् आउँदैछन् । यसलाई हामी कुनै आदर सत्कार गर्नेछैनौं । राजकुमार भएको नाताले आसन एउटा मात्र राखिदिन पर्ला आदि आदि ।"

यति सोचिरहेका पञ्चभद्रवर्गीहरूले भगवान बुद्ध नजिक आइपुग्नु भएपछि उहाँको पवित्र मैत्री र करूणा लगायत बुद्धको तेजको आनुभावले उनीहरूको गलत धारणा हट्न थाल्यो। अनायास उहाँप्रति श्रद्धा र विश्वास जाग्न थाल्यो। तब सोचेको विपरित पवित्र हृदयले आदर सत्कार पूर्वक स्वागत गरी उहाँलाई आसनमा विराजमान गराई आफूहरू पनि उचित आसनमा बस्न थाले ।

तब भगवान् बुद्धले लोकचक्रमा फसिरहेका सबैलाई धर्मचक्रमा समावेश गर्ने तरिकाले उहाँले प्राप्त गर्नुभएको पवित्र ज्ञान प्रस्तुत गर्नुभयो । यसलाई भनिन्छ - "धर्मचक्र प्रवर्तन सूत्र"। भगवान् बुद्धको प्रथम पटकको धर्मदेशना थियो यो । यो पवित्र दिन आषाढ पूर्णिमाको दिन थियो ।

यस धर्म चक्र सूत्रमा पहिला नै उल्लेखित शिक्षा अनुसार यस संसारका धेरैजसो मानिसहरू दुईवटा अतिमार्ग (सीमा नाघिएको मार्ग) मा लागेका देखिन्छन्। ती यसरी छन्–

१) कामेसु काम सुखल्लिकानुयोगो–

काम-शारीरिक सुखको चरम सीमामा पुगिरहेको भौतिकसुखले भरपूर विलासीपूर्ण जीवन अति मार्ग हो। यो मार्ग हीन र खराब मार्ग हो । यस मार्ग समझदार व्यक्तिहरूको लागि होइन, पिछडिएको व्यक्तिहरूले उपभोग गर्ने मार्ग हो। यो मार्ग शुद्ध धर्म भन्दा अलग्ग, क्लेशयुक्त व्यक्तिहरूको मार्ग हो । यस मार्गमा लाग्ने व्यक्तिहरू आर्य बन्न सक्दैनन् । त्यसैले अनर्थसहितको मार्ग हो यो ।

२) अत्तकिलमथानुयोगो –

आफुले आफैलाई कुनै पनि शारीरिक यातना दिई यसलाई नै धर्म ठानी अल्झिरहने मार्ग। यो दोश्रो प्रकारको चरमसीमाको मार्ग हो । यो मार्ग अति पीडादायी र दुखदायी छ। यस मार्गले एकपछि अर्को नयाँ दुःख उत्पन्न गराइ रहन्छ। यस मार्गमा लाग्ने व्यक्ति कहिले पनि आर्य बन्न सक्दैन । अनर्थकारी मार्ग हो यो ।

यी चरम सीमाका अतिमार्गहरूमा नलाग्नुको लागि भगवान् बुद्धले यस सूत्रमा हामीलाई सल्लाह दिनु भएको छ।

यी दुबै मार्गहरूलाई त्यागी तथागतले मध्यम प्रतिपदाको मार्ग अपनाउनु भएको छ। यसलाई भनिन्छ आर्य अष्टाङ्गिक मार्ग। यस मार्गलाई अभ्यास गर्ने व्यक्तिले परमार्थ सत्य साक्षात्कार गर्न सक्नेछ। सम्यक ज्ञान दिने मार्ग भएको कारणले यसले मनको दूषित भावनाहरू (लोभ, द्वेष, मोह) लाई क्षय गराउँदै बोधिज्ञान जगाउने कार्य गरिरहेको हुन्छ। फलस्वरूप शरीर धारण गरिरहेकै अवस्थामा निर्वाण सुख (मुक्ति) लाभ हुन्छ भने शरीर



Downloaded from http://www.dhamma.digital

त्यागिसकेपछि निर्वाण साक्षात्कार भई भवचक्रलाई समूल नष्ट गराई फेरि जन्म लिन नपर्ने अवस्था प्राप्त हुनेछ। यस आर्य अष्टाङ्गिक मार्गका आठवटा खुड्किलाहरू यसरी रहेका छन्–

(१) सम्मादिट्ठी - आफ्नो शरीर र चित्तको यथार्थ स्वभावलाई अनुभवद्धारा यथार्थ रूपले जान्ने र बुझ्ने ।

(२) सम्मा संकप्प - ठीक तरिकाले बुझ्न सक्ने क्षमता सहितको व्यक्तिले आफ्नो चिन्तन मनन शुद्ध पारी दूषित चित्तलाई हटाउँदै लाने अभ्यासलाई निरन्तरता दिने ।

(३) सम्मा वाचा - आफ्नो स्वार्थ सिद्धको लागि झुठो बोल्ने, कडा वचन बोल्ने र अरूको निन्दा चर्चा गर्ने, व्यर्थको वकवास गरी समय वर्वाद पार्ने जस्ता वचनबाट गरिने चारवटा दुष्कर्महरू बाट टाढा रहने ।

(४) सम्मा कम्मन्तो - कुनै पनि प्राणी हत्या गर्ने, चोरी गर्ने र मैथुन जस्ता शारीरिक दुष्कर्महरू बाट अलग्ग रहने।

(५) सम्मा आजीवो - आफ्नो जीवन यापन गर्ने क्रममा कुनै पनि प्राणीको शरीर र प्राणमा दखल पार्ने नियतले कुनै पनि कार्य नगर्ने ।

(६) सम्मा वायामो - कसैको पनि अहित हुने तरिकाले शारीरिक मानसिक र वाचिक दुष्कर्महरू नगर्ने। गरिसकेको ती कार्यहरूलाई दोहरिन नदिन सतर्क रहने। आफ्नो र अरूको हितोप्रकारको लागि असल कार्यहरू गर्न प्रोत्साहित हुने । गरिसकेका ती असल कार्यहरू अझ बढाउँदै उन्नति गर्न लागिपर्ने ।

(७) सम्मासति - आफ्नो मन र शरीरबाट दुषित कार्यहरू हुन नदिन सदा सजग सचेत र सतर्क भइरहने । यसको लागि स्मृति पालो राख्न अति जरुरी छ।

(८) सम्मा समाधि - असल कार्यको लागि सदा सजग र सचेत रहेको मन सम्यक रूपले समाधिस्थ हुनसक्छ। यस अवस्थालाई सदा अभ्यासरत रहने ।

असार पूर्णिमाको दिन भगवान् बुद्धले पञ्चभद्रवर्गीहरूलाई चारवटा, आर्यसत्यहरू (संसारमा दुःख छ, दुःखको कारण तृष्णा, दुख निरोध गर्न सकिन्छ र दुख निरोध गर्नको लागि आठवटा मार्गहरू छन्। भनी धर्मचक्र ज्ञानलाई विस्तारपूर्वक बुझाउनु भएपछि सबभन्दा पहिला भिक्षु कोण्डञ्ञ बोध हुनुभयो । उनले निर्वाणको प्रथम खुड्किलो श्रोतापन्न सम्मको ज्ञान प्राप्त गर्न सफल भयो। यो दिन असार पूर्णिमाकै दिन थियो।

भगवान बुद्धले असार पूर्णिमाको दिन धर्मचक्र घुमाउने कार्य सुरूवाट गर्नु भए लगत्तै यस कार्यले निरन्तरता जारी गरी बाकी रहेका वप्प, भद्दिय, महानाम र अस्सजीले पनि ज्ञान प्राप्त गरी अन्त्यमा पाँचजना भद्रवर्गीहरूले क्रमशः श्रोतापन्न, सकृदागामी, अनागामी र अरहन्त भई जन्म मरण चक्रबाट नै मुक्त हुन सफल भएका थिए।

यस क्रमलाई जारी राख्नु हुँदै भगवान् बुद्धले बुद्ध हुनुभएपछि ४५ वर्ष सम्म धर्मचक्र घुमाइ नै रहनुभयो। फलस्वरूप असंख्य मानिसहरूले ज्ञान लाभ गर्न सफल भए। त्यसैले असार पूर्णिमालाई बुद्ध जीवनी अनुसार ५ वटा संयोग जुरेको दिन भनिएपनि सबभन्दा प्रमुख संयोग त धर्मचक्र दिवसलाई नै लिन सकिन्छ। हामीले पनि यस दिवसको महत्वलाई बुझी बुद्ध शिक्षालाई समयमा नै अभ्यास गरी यथासिघ्र भाग्यमानी बन्नसकौं । धर्मकीर्तिको यही शुभकामना रहेको छ।

## जन्म राजयात प्रश्न

✍ माधवी गुरुमां

*भो जन्म राज गुलि मनूत सीधुंकल थन*
*भिंपिं नं यंकाच्वन मभिंपिं नं यंकाच्वन*
*भिंपिं योगुलिं इमित याकन यंकाच्वन*
*पापीपिं मयोगुलिं इमित याकन मयंकू*

*उलिमछि मनूत सीधुंकल गन जक तईतया ?*
*इमिगु कर्मानुसार जन्म कुण्डले तय् यंकल*
*धर्मात्मा पिन्त गनतया पापीपिन्त गनतया ?*
*इमिगु कर्मानुसार भोग याका तयाला ?*

*सित उनाछ्वत, शरीर जक नौ जुल ।*
*ख्वपिं ख्वल, दुःखः ताःपिसं ताल*
*न्ह्याक्को ख्वसां सुं नं लिहां वइमखु*
*जिपिं थन धकाः नं सुनानं धाःवईमखु ।*



Downloaded from http://www.dhamma.digital

# धम्मवतीको चरणमा आङ साङ सुकी

✍ सुरेश किरण



*धम्मवती गुरुमांबाट आशिर्वाद थाप्नुहुँदै आङसाङ सुकी*

काठमाडौंको असन हुँदै ठँहिटी निस्कने साँघुरो गल्ली छ । धेरैलाई नाम पनि थाहा छैन होला, नःघः टोल भनिन्छ त्यो ठाउँलाई । त्यसैको छेउमा एउटा बहाल छ- श्रीघः बहाः । काठमाडौंकै धेरै मानिस त्यहाँ पुगेका छैनन् होला । तर, म्यान्मारकी शक्तिशाली नेतृ एवं त्यहाँको प्रधानमन्त्रीसरह अधिकार प्राप्त स्टेट काउन्सिलर तथा नोबेल शान्ति पुरस्कार विजेता आङ साङ सुकी भने हरेकपटक नेपाल आउँदा नःघलको उक्त गल्ली नछिरी फर्किन्नन् ।

गत नोभेम्बरमा एसिया प्यासिफिक सम्मेलनमा भाग लिन मात्र दुई दिनको व्यस्त कार्यक्रम लिएर काठमाडौं आउँदा पनि सुकी नःघः गल्लीभित्र रहेको श्रीघः विहारमा केही घण्टा बिताएर फर्किन् । त्यो भन्दा दुई वर्षअघि नेपालको औपचारिक भ्रमणमा आउँदा पनि सुकीले श्रीघः विहार भ्रमणलाई आफ्नो औपचारिक कार्यक्रममा राखेकी थिइन् ।

आखिर के छ त्यो श्रीघः विहारमा जहाँ आङ साङ सुकीजस्ता विश्वप्रशिद्ध नेता नियमित पुग्ने गर्छन् ?

श्रीघः बहालमा थेरवादी बुद्ध धर्ममा आबद्ध भिक्षुणीहरु, जसलाई अनगारिका पनि भनिन्छ, भिक्षुणीहरुको एउटा छुट्टै विहार छ । त्यो विहारको नाम हो धर्मकीर्ति विहार । धर्मकीर्ति विहारका प्रमुख हुन् धम्मवती गुरुमां । सुकी वास्तवमा उनै धम्मवती गुरुमांलाई भेट्न नःघल टोलका ती साना-साना गल्ली छिचोल्दै धर्मकीर्ति विहार पुग्छिन् ।

धम्मवती गुरुमांप्रति नेपालका बौद्ध अनुयायीहरू त असीम श्रद्धा गर्छन् नै उहाँप्रति सुकीको समेत कति ठूलो श्रद्धा छ त भन्दा उनी विहारमा छिर्नेबित्तिकै सोफामा बसिरहेकी गुरुमांका सामू दुवै घुँडाले टेकेर साष्टाङ्ग दण्डवत गर्छिन् र बौद्ध परम्पराअनुसार तीनपटक ढोग्छिन् । म्यान्मारजस्तो शक्तिशाली देशकी प्रभावशाली नेतृ एवं नोबेल पुरस्कार विजेता हस्ती, नेपालकी एक चेलीलाई घुँडा टेकेर सम्मान प्रकट गर्छिन् ! नेपालमा धम्मवती गुरुमां मात्रै एक्ली त्यस्तो व्यक्तित्व हुन् ।

म्यानमार एक थेरवादी बौद्ध मुलुक हो । धम्मवती पनि थेरवादी बौद्ध गुरू नै हुन् । तर, सुकीले धम्मवती गुरुमाँप्रति यति ठूलो श्रद्धा प्रकट गर्नुको कारण भने यो मात्र होइन । यसका लागि पल्टाउनुपर्ने हुन्छ करिब ४५ वर्ष अघिको एउटा अलिखित इतिहास ।

आङ साङ सुकीका श्रीमान् माइकल एरिस बेलायती नागरिक हुन् । बेलायती नागरिकसँग विवाह गरेकै कारण



Downloaded from http://www.dhamma.digital

सुकीलाई अहिले पनि म्यान्मारको राष्ट्रपति वा प्रधानमन्त्री बन्न संवैधानिक रोक लागेको हो । एरिस पेसाले एक प्राध्यापक एवं अन्वेषक थिए । उनी बेलायतको सेन्ट जोन कलेजमा पढाउँथे । उनको विषय थियो- दक्षिण एसियाली मुलुकमा हिमाली संस्कृति । उनले भुटानको हिमाली संस्कृतिबारे किताब लेखेका छन् । त्यही हिमाली संस्कृतिको अध्ययन गर्ने क्रममा उनी सन् १९७० को दशकतिर नेपाल आएका थिए । त्यतिवेला उनीसँगै सुकी पनि आएकी थिइन् । नेपालमा एरिस हिमाली क्षेत्रतिर व्यस्त भइरहँदा सुकी चाहिँ यही धर्मकीर्ति विहारमा बस्ने गर्थिन् । र, उनको स्याहारसुसार गर्थिन् उनै धम्मवती गुरुमां । सुकीका दुई छोरामध्ये सानो छोरा किम एरिस नेपालमै जन्मेको तथ्य सुकीले आफ्नो जीवनी पुस्तकमा लेखेकी छन् ।

त्यतिवेला काठमाडौंमा बच्चालाई खुवाउने ल्याक्टोजिन दूधको अभाव थियो । सुकीको दूध भने बच्चालाई नपुग्ने रहेछ । त्यसैले धम्मवती गुरुमांले विहारका महिला गुरुमांहरूलाई राति सेवन गर्न आवश्यक पऱ्यो भन्दै भारतीय राजदूतावासबाट ल्याक्टोजिन दूध मगाएर सुकीको नानीलाई खुवाउने गरेकी थिइन् ।

त्यतिवेला धम्मवती गुरुमांले सुकीलाई आफ्नै छोरी झैं माया गरेर स्याहारेकी थिइन् । सुकी धेरै वर्ष देशबाहिरै बसेकीले उनले बौद्ध धर्म र संस्कारसम्बन्धी कुराहरू पनि त्यतिविधि सिक्न पाएका थिएनन् । त्यो ज्ञान पनि उनले धम्मवती गुरुमांबाटै प्राप्त गरिन् ।

भनिन्छ, सबै नेवार गुरुमांहरूले भरिभराउ हुने उक्त विहारमा केही महिना बस्दा सुकीले नेवार भाषासमेत बोल्न जानिसकेकी थिइन् । वास्तवमा आङ साङ सुकी र धम्मवती गुरुमां बीचको सम्बन्ध यसरी प्रेमिल बनेको थियो । त्यसमाथि आङ साङ सुकी म्यान्मार मा प्रजातन्त्र पुनर्स्थापनाका लागि लडेकी योद्धा । त्यसैले उनीप्रति गुरुमांको माया मात्र होइन, सम्मान पनि थियो । किनभने गुरुमां आफैं पनि खुलापन र प्रजातन्त्रका हिमायती हुन् । महिलालाई पनि शिक्षा-दीक्षा प्रदान गर्नुपर्छ, समाजमा खुल्न दिनुपर्छ भन्ने उनको मान्यता थियो । भिक्षु संघभित्रै पनि महिलामाथि गरिने भेदभाव विरूद्ध उनी लागिरहेकी छन् । म्यान्मारमा सुकीलाई वर्षौंसम्म नजरबन्दमा राख्दा पनि गुरुमांको धार्मिक सम्बन्ध त्यहाँको सैनिक सरकारसँग थियो, तर श्रद्धा भने सुकीबाट हटेको थिएन ।

नेपाल आउँदा धम्मवती गुरुमांसितै सुकीको सम्बन्ध गाँसिन पुग्नुको कारण भने अर्को पनि छ । धम्मवती गुरुमां आफैं पनि म्यान्मारमै बौद्ध धर्ममा दीक्षित भएर आएकी अनुयायी हुन् । त्यतिवेला बर्मा भनिने सुकीको देशमा उनी लगातार १६ वर्ष बसिन् । र, त्यहाँ सिकेर आएको ज्ञानलाई नेपालमा प्रचार गर्न थालिन् । तर, धम्मवतीमाथि सुकीको आस्था जम्नुको कारण यति मात्र होइन । २००६ सालमा धम्मवती गुरुमां जसरी कठिन यात्रा पार गर्दै बर्मा पुगिन् त्यो कुनै फिल्मको पटकथा भन्दा कम्ती छैन् । सायद गुरूमांप्रति सुकी प्रभावित हुनुको खास कारण त्यो पनि हुन सक्छ ।

धम्मवती जतिवेला बुद्ध धर्ममा प्रव्रजित भइसके की थिइनन् उनको गृहस्थी नाम थियो गणेशकुमारी शाक्य । पाटनका एक धनाढ्य व्यापारीकी छोरी । चार दाजुभाइ बीच हुर्किएकी एक्ली बहिनी । अनि, घरमा सबैकी प्यारी । त्यतिवेला महिलालाई शिक्षा दिने चलन थिएन । पाटनको सुमंगल विहारमा बर्माबाट आएका भिक्षु धम्माबुद्ध र नेपालकै भिक्षु बुद्धघोषले टोलका बालबालिकालाई विहारमा बोलाई सामान्य लेखपढ सिकाउने र बुद्ध धर्मसम्बन्धी ज्ञान दिने काम गर्दथे। स्कुल जाने चलन नभएकाले गणेशकुमारीलाई पनि उनकी आमाले सोही विहारमा पठाई बुद्ध शिक्षा ग्रहण गर्न लगाउँथे । यसरी सामान्य रूपमा विहारमा गई लेखपढ गर्दै रहेकी गणेशकुमारीले एक दिन परिवारमा यस्तो इच्छा व्यक्त गरिन् जो सुनेर शाक्य परिवारको जमिन धसिएर पाताल पुगेजस्तो भयो । उनले उद्घोष गरेकी थिइन्, ‘म’ पनि घर त्यागेर भिक्षुणी बन्न चाहन्छु ।’

ओहो ! मात्र १४ वर्ष टेकेकी फुच्चीको मुखबाट यस्तो इच्छा व्यक्त हुँदा कुनचाहिँ आमाबुबाले स्वीकृति दिन सक्थ्यो र ! त्यसमाथि गणेशकुमारीको परम्परागत नेवार समाज। अझ त्यसमाथि बुबाले अत्यन्तै माया गर्ने एक्ली छोरी, त्यो पनि प्रव्रजित हुन र शिक्षा ग्रहण गर्न बर्मा नै जानुपर्ने । यो त सम्भव हुने कुरै भएन । तर गणेशकुमारीले आफ्नो इच्छा भने त्यागिनन् । यदि यसका लागि आमाबुबाले अनुमति दिएनन् भने घरबाट भागेरै भए पनि बर्मा पुग्ने अठोट उनले गरिसकेकी थिइन् ।



Downloaded from http://www.dhamma.digital

उनले सुरुमा आमालाई भनिन्। आमाले बुबालाई सोध भनिन्। बुबालाई भनिन्। बुबाले दाइहरूसँग सोध भने। दाईहरूलाई सोधे, दाईहरूले बुबाले मान्दैन भने। उनी रोइन्, कराइन् । तर अहँ, अनुमति मिलेन । अझ उल्टो घरबाट भाग्लिन् कि भनेर घरैमा निगरानी बढाउने काम समेत भयो, जस्तो कि सिद्धार्थ, गौतम कपिलवस्तु छाडेर भाग्लान् भनी राजा शुद्धोधनले दरबारमा सैनिक पहरा बढाएका थिए। तर, सिद्धार्थ गौतमको पथमा हिँड्न आखिर गणेशकुमारीले पनि सिद्धार्थ गौतमकै बाटो अँगाल्नुपर्‍यो। जसरी श्रावण महिनाको एक रात सिद्धार्थ गौतम कसैलाई केही नभनी दरबार त्यागेर जंगल गएका थिए, त्यसरी नै २००६ साल असार महिनाको एक रात घरमा कसैलाई थाहा नदिई गणेशकुमारी भागिन् । मनोहरादेवी शाक्य र शुभलक्ष्मी शाक्य नामका दुई संगिनीसहित उनी पाटनदेखि थानकोटसम्म गाडीमा र त्यसपछि हिँडेरै भीमफेदी पुगिन्। यस कार्यमा उनलाई आफ्नै एकजना दाजु र दुई संगिनीका आमाले साथ दिएका थिए।

तर, गणेशकुमारीका बुबा पनि कमका थिएनन्। छोरी घरबाट भागेको थाहा पाउनेबित्तिकै उनले भीमफेदीको चेकपोस्टमा कुनै माध्यमबाट खबर पठाई छोरीलाई त्यहीँ रोक्न लगाइसकेका थिए। तथापि केही ढिलो खबर पुगेकाले गणेशकुमारी त्यहाँबाट उम्किन सफल भइन्। र, आफ्ना दुई संगिनीसँगै आएकी आमाले चिन्ने भीमफेदीका एक आफन्तको साथ लिई भारतको कुशीनगर पुगिन्। अनि कुशीनगरमै सम्पूर्ण कपाल मुण्डन गरी भिक्षुणीको चीवर धारण गरिन्। बौद्ध धर्ममा चीवर धारण गरिसकेपछि गृहस्थी नामलाई छोडेर नयाँ नाम राख्ने चलन छ । त्यहीं अनुसार उनको पनि नयाँ नाम राखियो - 'धम्मवती'। उनका संगिनीहरू मनोहरादेवीको नाम 'माधवी' र शुभलक्ष्मीको नाम 'मागधी' राखियो।

यसरी कुशीनगरमा प्रब्रजित भइसकेपछि उनीहरू तीनैजना बर्मा जान तयार भए । उनीहरूलाई बर्मासम्म पुऱ्याउन बर्मी भिक्षु धम्माबुध पनि तयारी अवस्थामै थिए। तर, समस्या पऱ्यो पासपोर्टको। बिना पासपोर्ट बर्मा जान सम्भावना थिएन । त्यसैले कोलकातास्थित नेपाली वाणिज्य दूतावासमार्फत पासपोर्ट बनाउने कार्य अघि बढिरहेको थियो । तर, आवश्यक कागजात उपलब्ध नभएकाले त्यो कार्यमा विलम्ब हुँदै थियो । उता पासपोर्ट नपाएर गणेशकुमारीहरू भारतमै अड्केका छन् भन्ने खबर थाहा पाएर उनका बुबाले कोलकातामै मान्छे पठाएर फर्काउने प्रयास गरे । लिन आएका मानिसहरू गणेशकुमारीका दुई संगिनीलाई लिएरै फर्के। गणेशकुमारी भने नफर्किने अडानमै बसिन्।

अब बाँकी रह्यो भिक्षु धम्माबुद्ध र उनी मात्रै। पासपोर्ट आउने अझै ठेगान भइसकेको थिएन। बरू गणेशकुमारीलाई उनको बुबा आफैं कोलकाता आएर फर्काउने सम्भावना भने प्रवल बन्दै थियो । त्यसैले उनीहरूले पासपोर्ट नभए पनि जंगलको बाटो हुँदै हिँडेर वर्माको मिचिना नामक गाउँसम्म पुग्न सकिने चोरबाटो थियो। जंगलमा हात्ती समाउने माहुतेहरूलाई त्यो बाटो थाहा रहेछ। त्यसैले त्यही माहुतेहरूको साथ लिई भिक्षु धम्माबुद्ध र धम्मवतीले जंगलको यात्रा शुरू गरे।

जंगल यात्रा निश्चय पनि सजिलो थिएन । कहीं उकाली, कहीं ओराली । कहीं खोला, कहीं पहाड । खानपीनको ठेगाना छैन । बस्ने-सुत्ने ठेगान छैन । छ दिन पाँच रातसम्म जंगलको अनकन्टार यात्रामा उनीहरूले आफूलाई घिसारे। अन्ततः छैठौं दिन उनीहरू भारतको सीमा पार गरी वर्मा पुग्न सफल भए। वर्माको मिचिना पुगेपछि दुवैजनाले ६ दिनको थकान एकै सासमा भुले । त्यहीं एउटा वर्मी विहार पनि थियो । दुवै जना विहारमा पुगेर आफ्नो यात्रा बारे वर्णन गर्न थाले।

तर बर्मा पुग्नुको खुशी राम्ररी साट्न नपाउँदै एउटा अर्को आपत आइपुग्यो। वर्माको मिचिना गाउँ नेपाली मूलका वासिन्दाहरू बस्ने गाउँ रहेछ। नेपालबाट एउटी चेली रातारात जंगलको बाटो हुँदै हिँडेर वर्मा आइपुगेको खबर ती नेपाली मूलका वासिन्दाहरूले थाहा पाए। जंगलको बाटो हिँडेर आएको भनेकोले उनीहरूलाई लाग्यो कि वर्मी भिक्षुले नेपाली चेलीलाई भगाएर पो ल्याएका रहेछन्। त्यसपछि उनीहरूले मिचिनाको उक्त विहारलाई नै घेराबन्दी गरी यथार्थ के हो बताउनुपऱ्यो भन्दै धर्ना कसे । वर्मी भिक्षुहरूले कति सम्झाए, मानेनन्। धम्मवती त झन् १४ वर्षकी थिइन्, उनको कुरा कसैले पत्याएनन्। नेपाली चेलीलाई फकाएर बर्मा ल्याएको भनी ती नेपाली मूलका बासिन्दाहरूले प्रहरीमा उजुरी गरे। प्रहरी आए। छानबिन गरे। बुझ्दा त भिसा



Downloaded from http://www.dhamma.digital

नै नलिइकन बर्मा आएको पाइयो । पासपोर्ट पनि छैन । बिना पासपोर्ट र बिना भिसा बर्मा आउनु त कानुनी हिसावले अपराध पो हो । धम्मवतीलाई बिना भिसा बर्मा आएको आरोपमा प्रहरीले हिरासतमा लिए। बर्मी भिक्षुलाई चाहिँ त्यहींबाट रिहा गरे । रिहा भएका भिक्षुले राजधानी यांगुन पुगी सबै व्यवस्था मिलाए । र, धम्मवतीलाई त्यहाँबाट छुटाई यांगून ल्याए । त्यसपछि मोलमिन शहरको महिला मात्रै अध्ययन गर्ने विहारमा उनलाई पढाउने बन्दोवस्त मिलाइयो । सोही विहारमा लगातार १६ वर्ष अध्ययन गरी वि.सं. २०२० सालमा धम्मवती नेपाल फर्किन् ।

नेपाल आई यही नःघल टोलको गल्ली भित्र सानो एकटुक्रा जग्गा खरिद गरी 'धर्मकीर्ति विहार' स्थापना गरिन्। त्यतिबेला आफैले माटो मुछेर, इँटा बोकेर निर्माण गरेको उक्त विहारका हाल धेरै ठाउँमा शाखा विहारहरू पनि खुलेका छन्। धम्मवती गुरुमांको यो कठिन तपस्या आज नेपालमा थेरवादी बुद्ध धर्मलाई सशक्त बनाउने एउटा अजंग खम्बाका रूपमा अंकित हुन पुगेको छ ।

(साभार : 'नयाँ पत्रिका' शनिवार ४ जेठ, २०७६)

नेपाल भाषा टाइम्सका सम्पादक सुरेश किरणज्यूद्वारा लिखित यस आलेख पढ्नु भएर ९७ वर्षिय भू.पु. मेजर त्रिलोक क्षेत्री थापाज्यू श्रद्धेय धम्मवती गुरुमांलाई भेट्न धर्मकीर्ति विहार, श्रीघःमा खोज्दै आउनुभएको थियो ।

# पूजा च पूजनेय्यानं एतं मङ्गल मुत्तमं

✍ सुमेधावती

*पूजनिय धम्मवती गुरुमांयात*
*सुस्वास्थ्य सुमंगल सुप्रभात देछाना*
*थथेहे दँय् दँय् पतिकं सकसिनं*
*लय्लय् तायाः पूजा याय् दय्मा*

*जन्मदाता, कर्मदाता निम्हं मां खः भी*
*जन्म जुयागु कारण थौं छ:पिनिगु आशिर्वादं*
*शिक्षा दिक्षा कयाः बुद्ध शिक्षा सय्क्य दत*
*पूर्वजन्मया कुशल कर्मया फल ज्वीमाः थ्व*

*थौं जिमि गुरुमां धम्मवती खः धायदुगुलिं*
*गौरबपूर्वक कर्म व धर्म खना च्वना*
*जिगु श्रद्धा भाव चित्त निसें थथेहे आशायाना*
*जिमिगु न्ह्योने सदां स्वयाच्वने दय्मा गुरुमांयात*

*जन्म ब्यूम्ह मां व गुरु गुबलें अःपुक प्राप्त ज्वीमखु*
*उकें जन्म जन्मान्तर तक गुरू नाप स्वापू स्वाना च्वनेमा*
*दुःख दु, अनित्य खः धकाः स्यूसां वसपोल गुरुमांया*
*सुख, व सुस्वास्थ्य कामना यानाच्वना*

*बुद्धानुभाव, धर्मानुभावं सुस्वास्थ्य लाभ ज्वीमा*
*धर्मकीर्ति विहारे गुरुमां विराजमान जुयाच्वंगु*
*न्हिथं हे जिमिसं स्वयाच्वने दय्मा धकाः*
*कामना यासे देछानाच्वना शुभकामना, शुभकामना ॥*

# सूचना !

धर्मकीर्ति विहारया संस्थापक अध्यक्ष शासनधज धम्माचरिय, अग्ग महागन्थवाचक पण्डित **भिक्षुणी धम्मवती गुरूमांको ८६ औं जन्मोत्सव**को उपलक्ष्यमा भिक्षु महासंघको तर्फबाट मिति २०७६ असार २६ गते देखि अभिधर्म पाठ र धर्मदेशना भइरहेको छ । अभिधर्म पाठ र धर्मदेशना श्रवण गरी पुण्य सञ्चय गरिदिनुहुन सम्पूर्ण श्रद्धालु महानुभावहरूलाई निमन्त्रणा गरिएकोछ ।

***मिति : २०७६ साल असार २६ गते, बिहीवार देखि श्रावण २ गते बिहीवारसम्म***
***स्थान : धर्मकीर्ति विहार, श्रीघः नःघः यैं***
***समय : विहान ७ बजे देखि ९ बजेसम्म***

आयोजक :


**धर्मकीर्ति विहार परिवार**
श्रीघः नःघ, टोल, काठमाडौं ।



Downloaded from http://www.dhamma.digital

# ‘धम्मवती गुरुमांया च्वसां’ सफू ब्वने धुंका:

मदन रत्न मानन्धर




“धर्मकीर्ति विहार नीस्वने धुँसेंलि थन भचा भचा यायां उपासक, उपासिकापिन्त, मचातय्त ब्वंकेगु शुरु याना । उबलय् भ्हीथाय् बुद्धधर्म सम्बन्धि सफू नं मदुनि । उकिं भचा भचा यायां बुद्धधर्मया सफू अनुवाद यायां पिथना । उबलय् च्वये फुबलय् सफू नं च्वया । आ: च्वये मफुत ।” मय्जु लोचनतारा तुलाधरजुं मुना: न्ह्यब्व:गु सफू ‘धम्मवती गुरुमांया च्वसां’ सफूया प्रकाशकीयया न्हापांगु छुवा: (शुरुवात) खँ ख: थ्व श्रद्धेय धम्मवती गुरुमांयागु ।

वसपोल गुरुमांनं च्वये फु बलय् च्वया: पि(कया बिज्या:गु सफूत न्ययेगू (५०) दु । उकिइ मध्यय् आपालं सफूत फुइ नं धुंकल । अथे हे फुटकर च्वसुत नं आपालं दु । उपिं न्ययेगू सफू त मध्यय् भ्हिंछगू सफू व च्यापु लेखत दुथ्याका: मुनामि मय्जुं थ्व सफू धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया ४७ क्व:गु वार्षिक भेलाया लसताय् थ:हे केहेँ उष्णीषतारा तुलाधर नाप जाना: धर्मदान याना दीगु ख: । “उगु इलय् पिदंगु वसपोलया सफू चिचीधंसां उकियागु ग्यसु तसकं त:धं, तसकं महत्वपूर्णगु ख:” - मय्जु लोचन ताराया थ्व हे विचालं न्ह्यब्वाना: वसपोल गुरुमांपाखें वि.सं. २०२५ सालं निसें २०५८ सालतक च्वया: पिकया बिज्यागु सफूत थुकिइ दुथ्याका: पुनर्प्रकाशन या:गु खने दु ।

सिद्धार्थ कुमारं बुद्धत्व ज्ञान लाभ याना: बुद्ध जुइ धुंका: तकं भ्हिंनिगू बांमलागु शारीरिक विपाक भोग यायेमा:गुया कारण नापं उल्लेख जूगु न्हापांगु सफु ख: ‘बुद्ध जुइ धुंका: भोग या:गु विपाक व उकिया कारण’ । थुपिं कारण स्वयेबलय् भ्हीसं हेकथं वा ख्या:कथं जक जूसां शरीर, वचन व मनं दुष्कर्म यायेमज्यू धयागु ज्ञान भ्हीत बी ।

तीर्थंकरतय्गु हाथ्या (चुनौती) यात लिस: बीकथं बुद्धं असाधारणगु यकम ऋद्धि प्रातिहार्य क्यना बिज्या:गु खँ कथंहंक न्ह्यब्वयात:गु सफू ख: - ‘बुद्धया ऋद्धि प्रातिहार्य’ । अनं लिपा त्रायत्रिंश देवलोकय् थ: मां जुयावंम्ह सन्तुस्सित देवपुत्र सहित अल्याख देव, ब्रम्हापिन्त अभिधर्म देशना याना बिज्या:गु खँ सलल वंक वर्णन जुयाच्वंगु दु ।

संसारय् दु:ख दु धयागु लिसें गथे याना: दु:ख मदयेकेगु धका: समेतं थ:गु पुरुषार्थं सीका बिज्या:म्ह बुद्धं दुखया कारण नं कना बिज्या:गु दु । दु:खया कारण तृष्णा धका: स्यूसां भ्ही उकिं मुक्त जुइ मफयाच्वन । अथे मफया च्वंगुया कारण न्यागू दु - गुकियात ‘पञ्चनीवरण’ धाइ । थ्व हे पञ्चनीवरणयागु बारे बुद्धया उपदेशयात छसीकथं उला बिज्या:गु सफू ख: ‘पञ्चनीवरण (न्यागू बाधा)’ ।

‘परिक्षा याना: जक धर्म ज्वनेमा:’ धयागु सन्देश दुगु ‘उपालि सूत्र’ व ‘लाभदायक आ्रप्रिय खँ नं ल्हायेमा: ‘धयागु सन्देश दुगु ‘अभय राजकुमार-सूत्र’ निपु दुथ्याका: ‘बुद्ध-धर्म’ नांगु सफू वसपोल गुरुमांनं अनुवाद याना बिज्या:गु खने दु । आपालं व्यावहारिक शिक्षां जा:गु थ्व सफू वि.सं. २०२८ सालय् पिदंगु खने दु ।



Downloaded from http://www.dhamma.digital

'एकताया ताःचा' नांगु सफुतिइ ल्वापुखिचा भिक्षुपिन्त बुद्धं ध्वाथुइक बिया बिज्याःगु उपदेश थौं कन्हय् नं उतिकं व्यावहारिक जू । उलिजक मखु मिथ्यादृष्टिक ब्रम्हायात नं बुद्धं बोध याना बिज्याःगु खँ थुगु सफुतिइ दुथ्याः ।

धर्मचक्र प्रवर्तन सूत्रय् भगवान् बुद्धं 'जितः मिखा उत्पन्न जुल' धकाः स्पष्टं धयाविज्यःगु दु । छु धात्थें वसपोलयाके न्हापा मिखा मुदगु खःला ले ! थुकिया बारे ध्वाथुइक च्वयातःगु सफू खः 'मिखा' । थुकिइ 'मिखा' धयागु छु खः, व गुकथं दइ अले उकिं छु ज्या बी धकाः बाँलाक उल्लेख जुयाच्वंगु दु । हाहाले लगेजुल धाःसा मिखा दुसां कां जुया वनी धकाः होशीयारी नं बियातःगु दु ।

मेगु सफू खः - 'कर्म' । मनूतसें याइगु गुगुं नं ज्या हे कर्म खः । शरीरं, वचनं वा मनं मदिक्क ज्या याना च्वंगु दइ । अथे याइगु ज्या कि त भिंगु जुइ, कि त मभिंगु जुइ । भिंगु ज्यां भाग्य दयेका बी मभिंगु ज्यां दशा दयेका विइ । थये तप्यंक स्वयेबलय् अःपुगु व साधारणयागु खँ थें च्वं । तर बांलाक दुवाला वने बलय् तसकं गम्भिर । अथे जुया हे जुइ बुद्धं समेतं कर्म विपाकया बारे कल्पना तकं याये मफइगु खँ धया बिज्यात । थथेभनं थाकुगु विषययात थी थी कथं छुटये छुटये यानाः, थी थी उदाहरणत बियाः अःपुक थुइकथं वसपोल गुरुमांनं च्वया बिज्याःगु थ्व सफुतिं 'कर्म' या विषय यक्व हे खँत उलाः क्यनाच्वंगु खंके फइ ।

'मति लिसे गति वइ' - थ्व भ्मी नेवाः जनमानसय् न्हापांनिसें प्रचलित धापू खः । थ्व हे खँयात ध्वाथुइकेया निंतिं गुरुमां नं सफू च्वया बिज्यात 'मति भिंसा गति भिनी' । मति छु खः, गति छु खः धयागु सीके यःपिन्त थ्व सफुतिं यक्व ग्वहालि याइ ।

भ्मीपिं थ्व संसारय् छाय् वयेमाल, गथेजुयाः वयेमाल थनं लिपा गन वनी धयागु खँया लिसः 'संसार या स्वापू' धयागु वसपोलया सफूतिइ दु । बुद्धकालीन घटना लिसें वर्तमान घटना नापं दुगु थुगु सफू चिचापँसां गम्भिर जू ।

मनूत गुलिं बांलाः गुलिं बांमला, गुलिं धनी, गुलिं गरीब, गुलिं हारां, गुलिं ज्ञानी - छाय् ? थी थी पहः - अथे छाय् जूगु ? थ्व खँ सिइकेत ग्वहालि जुइफु वसपोल गुरुमांया सफू 'मनूतय्गु पहः' । सु मनू गजाःथासं वःम्ह ? थनं लिया गन वनी ? धकाः अनुमान यायेत थ्व सफू ज्या वं ।

भगवान बुद्धया उपदेशत मध्यय् तसकं गम्भिर व महत्वपूर्ण उपदेश मुनातःगु ग्रन्थ खः - अभिधर्म । थ्व हे 'अभिधर्म' यात बुद्धया मूल उपदेश' धकाः नांः तया गुरुमां नं च्वया विज्याःगु सफू खः थ्व । थुकिइ दुने चित्त, चेतसिक, रूप, निर्वाणया थी थी स्वरुपया सरल व्याख्या भ्मीसं खंकेफु । उलिजक मखु थी थी चित्तया स्वभावया व्यवहारिक उदाहरण नापं दुगुलिं अभिधर्म थें थुइके अःपु मजूगु विषय नं बांलाक ध्वाथुइके फइगु खने दु ।

थुकथं वसपोल गुरुमांया भ्मिंछगू सफूया पूनर्मुद्रण भ्मीत प्राप्त जुगु दु ।

अथे हे वसपोल गुरुमांनं इलय् बिलय् च्वयाः थी थी पत्रिका, स्मारिका व स्मृतिग्रन्थय् पिदंगु च्यापु लेखत नं मुनामिं थुगु सफुतिइ दुथ्याका तःगु दु । "प्रौढ बौद्ध कक्षाया न्ह्यखँ" धकाः धर्मकीर्ति विहारय् बौद्धपिन्त बुद्धशिक्षाया कक्षा गुकथं न्ह्यात धयागु इतिहास थुकिइ दुसा साहू मणिहर्ष ज्योति, नेपाःया न्हापांम्ह व छम्ह जक संघमहानायक भिक्षु प्रज्ञानन्द महास्थविर अले धर्मरत्न शाक्य 'त्रिशुलि' पिनिगु स्मृति लेखत नं दु ।

अभिधम्म अध्ययन समाजं पिथंगु 'अभिधम्म' स्मरिकायात बिया बिज्याःगु शुभकामना लेख अले 'यमक' पालियागु सारांश धकाः मेगु लेख नं थुकिइ दुथ्याः । बर्माया 'धम्माचरिय' परिक्षाय् पास जूम्ह न्हापांम्ह विदेशी गुरुमां वसपोल धम्मवती गुरुमांनं अभिधर्म थें जाःगु गहन विषययात तसकं व्यावहारिक कथं व सरलकथं श्रोतापिन्त थुइका बिया बिज्याये फु । अथे हे लेख वा सफुतिइ नं उकथं हे सरल रूपं न्ह्यब्वयातःगु भ्मीसं खंके फु । गुकिया अध्ययनं सर्वसाधारणं याउँक हे अभिधर्मयात छुं भचासां थुइका काये फइ धयागु अनुमान याये फु ।

श्रीघः विहारय् खालिगु थासय् भगवानया मूर्ति तयाः उद्घाटन कुन्हु पिहांवःगु स्मारिकाय् वसपोल गुरुमांनं 'मा निवत्त अभिक्कम' (लिज्याये मते न्ह्यज्याः हुँ) धयागु कामनायासें 'मनूत सी धुंकाः थः नापं वइगु ज्या यायेमाः' धकाः नं सचेत याना बिज्यात ।

अथे हे थः निर्देशक जुया बिज्याना च्वंगु अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्रया न्यीन्यादँ रजत



Downloaded from http://www.dhamma.digital

महोत्सवया उपलक्ष्यय् पिदंगु स्मारिकाय् सतिपट्ठान भावनायात संक्षिप्तं जूसां ध्वाथुइका बिज्याःगु दु ।

थी थी दुर्लभ किपा नापं ब्वयातःगु थुगु सफुतिइ ३०४ पेज दु । वसपोल गरुमांया हे किपा तयाः द्यवः छायेपियातःगु, अझ सफूया ल्यूनेया द्यवलय् गुरुमांमं झीत छक्वः पतिकं सचेत यायेकथं धया बिज्यानाच्वंगु वाणी "मति भिंसा गति भिनी" धयागु वाक्य नापं गुरुमांया किंपानं उतिकं सान्दर्भिक जू । सफूया छपाइ स्तरीय जू लिसें आखःग्वःनं तग्वःजुयाः न्ह्याम्हसिनं नं याउँक ब्वने फइ धकाः अनुमान यायेफु ।

अन्तय् धम्मवती गुरुमांया चीहाकः म्हसिका लिसें वसपोलं च्वया बिज्याःगु सफूतय् धलः नं दु । थथे थी थी हलंज्वलं कयेघानाः दुर्लभ व अप्राप्य सफू, लेखत छथाय् तयाः न्हू पिंढिपिन्त वसपोल श्रद्धेय धम्मवती गुरुमां म्हसीका बीगु लिसें वसपोलपाखें स्वना जूगु व अनुवाद जूगु बुद्ध शिक्षाया अनुपम सन्देशत मुंकाः न्ह्यब्वयेगु कुतः याना दीम्ह नेपालभाषाया बाखं च्वमि बौद्ध विदूषि मयजु लोचनतारा तुलाधर अवश्य नं बधाईया पात्र जू ।

वयकःपाखें थथे हे सकसितं ज्याख्यले दुगु सफूत हानं हानं पिहां वइगु आशा नं थ्व इलय् याये थाय् दु ।

गनं गनं मुद्रा राक्षसया कारणं वा गथे जुयाः खः प्रुफ द्वंगु व व्याकरण भिंकेमाःगु नं खंकेफु । शायद लिपांगु संस्करणय् थुपिं नं सुधार जुइगु अपेक्षा याये फु ।

सकसियां भिं जुइमा ।

२०७६/०३/१७ सोह्रखुट्टे, यें ।

## धर्मकीर्ति पत्रिकाको विशेष सदस्य

*क्र.सं. ८९२*

**ललित रत्न शाक्य**


बागबजार

रु. २,०००/–

**"सारा संस्कार दुःख हो" (अर्थात जे जति उत्पन्न हुन्छन्, ती नाशवान् हुनुको कारणले दुःख नै हो) । यस (सत्य) लाई जब कोही व्यक्ति प्रज्ञा (विपश्यना) द्वारा देख्दछ (थाहा पाउँदछ), तब उसलाई सबै दुःखबाट निर्वेद प्राप्त हुन्छ (अर्थात, दुःख क्षेत्रप्रति उसको भोक्ताभाव टुट्दछ) । यो विशुद्धि (विमुक्ति) को मार्ग यस्तो छ । – धम्मपद**

# भिं बुदिंया भिंतुना

*✍ अमृत मान शाक्य, भिक्षु*
*इतुम्बहाः*



*भिन्तुना दु भिन्तुना*
*बुदिंया लसताय भिन्तुना*
*मंगल ज्वीमा ओरोग्य ज्वीमा*
*झी धम्मवती गुरूमांया*

*धुच्चा पतिकं मन विचलित मज्वीमा*
*अनेक विघ्न बाधा मवय्मा*
*तृष्णाया भुमरी तमक्यनेमा*
*भिक्षुणी जुयाः हे थुगु भवसंसारं तरे ज्वीमा*

*अनेक रोग अनेक दुःखय्*
*पलाः पतिकं साहसी जुयाच्वनेमा*
*म्हिगःया मचा थौं ज्याथी*
*जीवनया घःचाः हीका च्वंम्ह*

*धर्मया घःचाः हीका च्वंम्ह*
*जन्मभूमी तुयूगु जः ह्वला च्वंम्ह*
*जनजनया नुगले धर्मया पुसा प्यूम्ह*
*शान्तिया रश्मि खय्का च्वंम्ह*

*अशिक्षित पिन् शिक्षित याःम्ह*
*धर्मया किचले खय्का च्वंम्ह*
*शान्तिया पुसा पिना जूम्ह*
*झी सकसियां धम्मवती गुरूमां*

*भिक्षुसंघ पाखें न्ह्याःगु*
*अभिधम्मया पाठ वाचनया कारणं*
*भगवान् बुद्धया सत्य तथ्य वचनं*
*गुरूमांया भिं बुदिँया लसताय् भिंज्वीमा*
*भिन्तुना दु भिन्तुना*



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको ४७ औ वार्षिक भेला सम्पन्न




**वार्षिक भेलामा सभापतिको आशन ग्रहण गुर्नहुँदै धम्मवती गुरुमां**

*२०७६ जेठ १८ शनिवार*
*प्रस्तुति- उर्मिला तुलाधर*

यस दिन धर्मकीर्ति विहारको धम्महलमा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको वार्षिक भेला सम्पन्न भयो । गोष्ठीको अध्यक्ष श्रद्धेय धम्मवती गुरुमांको सभापतित्वमा संचालित उक्त कार्यक्रम धर्मकीर्ति विहार संरक्षण कोषका उपाध्यक्ष श्रद्धेय चमेली गुरुमां गोष्ठीका उपाध्यक्ष श्रद्धेय इन्दावती गुरुमां र वीर्यवती गुरुमां सहित अन्य गुरुमां मेत्तावती गुरुमां, शुभवती गुरुमां, सुण्णवती गुरुमां, श्रद्धाचारी गुरुमां, आदिको आसन ग्रहणबाट शुरु भयो । त्रिरत्न गुण प्रार्थना गरी शुरु भएको उक्त कार्यक्रम अरूणसिद्धि तुलाधरले संचालन गर्नुभएको थियो । गत चैत्र महिनामा दिवंगत हुनु भएका गोष्ठीका धम्मानुशासक छैठौं संघनायक अश्वघोष भन्ते तथा विहारका संस्थापक दो गुणवती गुरुमांहरूको गुण स्मरण गरी संचालन गरिएको उक्त भेलामा संयोजक उर्मिला तुलाधरज्यूबाट स्वागत मन्तव्य व्यक्त गरियो ।

कार्यक्रममा विभिन्न महानुभावहरूले आ-आफ्नो सम्बन्धित क्षेत्रको प्रतिवेदन यसरी प्रस्तुत गर्नुभएको थियो ।

| *प्रतिवेदन प्रस्तुतकर्ता* | *प्रतिवेदन* |
|---|---|
| १. लोचनतारा तुलाधर (ध.की.बौ.अ. गोष्ठीका सचिव) | - धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको वार्षिक प्रतिवेदन |
| २. भिक्षुणी इन्दावती (उपाध्यक्ष) | - अल्पकालिन बाल प्रव्रज्या शिविर प्रतिवेदन |
| ३. मचाकाजी महर्जन | - आर्थिक प्रतिवेदन |
| ४. रामकुमारी मानन्धर (सह-कोषाध्यक्ष) | - शनिवारिय कक्षा प्रतिवेदन |
| ५. मीन शोभा शाक्य | - पुस्तकालय प्रतिवेदन |

वि.सं. २०७५ सालमा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीद्वारा संचालित विभिन्न कार्यक्रमहरूमा संयोजक हुनुभई कार्यक्रम सफल पार्नुहुने संयोजकहरूलाई श्रद्धेय चमेली गुरुमांबाट धर्मोपहार प्रदान गर्नुभएको थियो ।

| *संयोजकहरू* | *कार्यक्रम* |
|---|---|
| १. सुमीत्रा तुलाधर | - गुरु पूजा |
| २. सरोज मानन्धर | - हाजिर जवाफ प्रतियोगिता |
| ३. तारा डंगोल | - Buddhism for Youth |
| ४. इन्दावती गुरूमां, अमीर कुमारी शाक्य | - अल्पकालिन बाल प्रव्रज्या शिविर |
| ५. सुभद्रा स्थापित | - भिक्षु अश्वघोष जन्मोत्सव समारोह |
| ६. उर्मिला तुलाधर | - वार्षिक भेला |



Downloaded from http://www.dhamma.digital

यी बाहेक अल्पकालिन प्रव्रज्या शिविरमा विशेष सहयोग गर्नुहुने सहयोगीहरू सुनिता तुलाधर, मीन शोभा शाक्य र प्रतिमा मानन्धरलाई पनि उपहार प्रदान गरिएको थियो ।

बुद्ध धर्म सम्बन्धि विभिन्न क्षेत्रमा उपलब्धि हासिल गर्नुहुने धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका सदस्यहरूलाई पनि खादा ओढाई सम्मान गरिएको थियो । सम्मानित व्यक्तिहरू र सम्मान गर्नुको कारण तल उल्लेख गरिएको छ ।

| *सम्मानित व्यक्ति* | *सम्मान गर्नुको कारण* |
|---|---|
| १. उष्णीषतारा तुलाधर | - त्रिभुवन विश्वविद्यालयबाट बुद्धिष्ट स्टडिज विषयमा स्नातकोत्तर गर्नुभएको । |
| २. श्यामलाल चित्रकार | - गणमहाविहारको 'धम्मविजय पदनम' बाट सम्मान प्राप्त । |
| ३. मीना तुलाधर | - गणमहाविहारको 'धम्मविजय पदनम' बाट सम्मान प्राप्त । |

गोष्ठीका सदस्य विकास रत्न तुलाधरले यस वर्ष सातौं पटकको 'धर्मकीर्ति अश्वघोष सम्मान' र 'धर्मकीर्ति धम्मवती सम्मान' घोषणा गर्नुभयो । घोषणा अनुसार धर्मकीर्ति अश्वघोष सातौं सम्मान प्राप्त गर्न सफल व्यक्ति अमृत रत्न ताम्राकार हुनुहुन्छ भने धर्मकीर्ति धम्मवती सातौं सम्मान पाउन सफल व्यक्ति कीर्ति तुलाधर हुनुहुन्छ ।

अध्ययन गोष्ठीका सदस्य सुमित्रा तुलाधरले दुबै जना सम्मानित व्यक्तित्वहरूको परिचय प्रस्तुत गर्नु भएको थियो भने सम्मान पत्रमा अंकित पंक्तिहरू उर्मिला ताम्राकारले पढेर सुनाउनु भएको थियो ।

यसरी नै भिक्षुणी धम्मवती गुरुमांले दुबैजनालाई सम्मान पत्र प्रदान गर्नुभएको थियो । गोष्ठीका उपाध्यक्ष इन्दावती गुरुमांले उहाँहरूलाई फूलको गुच्छा खादा र धर्मकीर्ति लोगो, मायाको चीनो प्रदान गर्नुभएको थियो ।

सम्मान ग्रहण गरेपश्चात दुबैजनाले आ-आफ्नो मन्तव्य व्यक्त गर्ने क्रममा श्रद्धेय अश्वघोष भन्ते र श्रद्धेय धम्मवती गुरुमांको योगदानका साथै अध्ययन गोष्ठीबाट उहाँहरूले प्राप्त गर्नु भएको ज्ञान विषयमा विश्लेषण गर्नु भएको थियो ।

सम्मान कार्यक्रम पश्चात् लोचनतारा तुलाधर बाट संकलित श्रद्धेय धम्मवती गुरुमांको लेखन पुस्तक "धम्मवती गुरूमांया च्वसां" श्रद्धेय धम्मवती गुरुमांबाट विमोचन गरियो ।

पुस्तक विषयमा आफ्नो मन्तव्य व्यक्त गर्नुहुँदै धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका सचिव लोचनतारा तुलाधरले पुस्तक तयार पार्नका लागि सहयोग गर्नुहुने सबैलाई धन्यवाद ज्ञापन गर्नुहुँदै वार्षिक भेला सम्पन्न गर्न मद्दत गर्नुहुने सबैलाई धन्यवाद दिनु भयो ।

विमोचित पुस्तक कार्यक्रममा उपस्थित सबै सहभागीहरूलाई नियुतमान सिंह तुलाधर, सनी तुलाधर र आभाष मान सिंह तुलाधरबाट पुस्तक वितरण गरिएको थियो ।

अन्त्यमा कार्यक्रममा सभापति श्रद्धेय भिक्षुणी धम्मवती गुरुमांले ओवाद उपदेश दिनुहुँदै परिवारमा मेलमिलाप र अनुशासनको खाँचो रहेको कुरा बताउनु हुँदै बुद्ध शिक्षानुसार मन राम्रो भए मात्र गति पनि राम्रो हुने भएकोले हामी सबैले आ-आफ्नो मनलाई असल शिक्षाले पवित्र पार्नु पर्ने विषयमा जोड दिनुभएको थियो ।

## अनन्त तक दर्शन याना च्वने

✍ प्रेम लक्ष्मी तुलाधर 'ङत

*मां जि निम्ह दु*
*छम्ह जन्मया मां लक्ष्मी नानी*
*मेम्ह धर्मया गुरुमां धम्मवती*

*छम्ह ज्यान खःसा मेम्ह प्राण*
*छम्ह जीवन खःसा मेम्ह ज्योती*

*छम्ह शिखर खःसा मेम्ह सुमेरू*
*छम्ह शीर खःसा मेम्ह शील*

*छम्ह सिचुगु फय् खँःसा मेम्ह सुतया सुति*
*छम्ह सुख दुःखया त्वाय् खःसा*
*मेम्ह धर्मया त्वाय् थें*

*निम्हं मांयात भिं बुदिंया भिंतुना लिसें*
*आयु आरोग्यया आशिका याना*

*छ्योंक्वछुनाः वन्दना, अभिवादन, व ज्वजलपा*
*कृतज्ञता जागु मनं पूजा याना च्वना*
*दुनुगःया देगलय् तयाः*

*अनन्त तक दर्शन याना च्वने दय्‌मा*
*धकाः मनंतुना च्वना भगवानया न्ह्योने च्वना : ।*



Downloaded from http://www.dhamma.digital

# अमृतरत्न ताम्राकार व कीर्ति तुलाधरया म्हःसिका

"धर्मकीर्ति अश्वघोष" व "धर्मकीर्ति धम्मवती" सम्मानं छाय्पीगु ताःलानादीपिं अमृत रत्न ताम्राकार व कीर्ति तुलाधरया म्ह्सीका थुकथं उल्लेख जुयाच्वंगु दु।

**अमृत रत्न ताम्राकार –**



मां हिरालानी ताम्राकार व बौ रत्न काजी ताम्राकारया कोखं बि.सं. २०१६ सालं पौष १४ गते येँ २० वडा मरू त्वाःया (पीगननी) जन्म जुया दिइम्ह अमृत रत्न ताम्राकार खः। वय्कया तिरी मय्जु जेनी ताम्राकार व म्हयाय् अभिज्ञालानी ताम्राकार खः। थौं कन्हे वय्कः ओँमबहालय् च्वनादी। वयकया शिक्षा – नेपाल आर्दश माध्यमिक विद्यालय् अध्ययन यानाः एस.एल.सी पास याना दिलसा पब्लिक युथ क्याम्पसय् बिजनेश म्यानेजमेन्ट बिषय् ब्वनाः स्नातक तह हासिलयाना दिल। स्नातकोत्तर अध्ययन नं यानादिल। थौंकन्हे नेपाल भाषाय् एम.ए. अध्ययन याना च्वना दिइगु खः।

**लजगाः**

(1) सुनगाभा ट्रेड लिंक प्रा.लि सन् १९८६ निसें १९८९ तक Clearing Study Working In Japan 2000- 2004 and Forwarding य् Officer.

(2) Agriflora PVT-LTD, Kathmandu, Pulung and Narayangatha य् 1989 निसें 1991 तक Adminstrative Officer

(3) Agni Incorporated PVT.LTD य् 1991 निसें 1993 तक Accountant- cum Administrator.

(4) United Traders Syndicate. Pvt. Ltd. Company of Vaidya Organization, TOYOTA vehicle य् 1993 निसें 1995 तक Manager

(5) Heirlooms Pvt. Ltd य् 1995 निसें 2000 तक Production Director जुया दिल।

थौंकन्हे वय्कया लजगाकथं Tax and rate consultant य् ज्यायाना च्वनादिइगु दु। धर्मकीर्ति विहार संरक्षण कोषय् Tax, rate या ज्याय् वय्कलं हे स्वया च्वना दिइगु खः। थुकथं वय्कःया प्राइभेट अफिसय् ज्याया अनुभव यक्व दुगुलिं वय्कः छम्ह कुशल व सक्षम व्यक्ति कथं नाला कायेछिं। वय्कः धर्मकीर्ति बिहारे २०३५ सालं निसें वय्गु शुरु याना दिइगु खः। वय्कलं २०४३ सालं निसें धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया कार्य समितिया दुजःलय् च्वनाः दिल। २०४४ सालं निसें २०४९ साल तक धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठिया सह-सचिव २०४९ निसें २०५१ साल तक सचिव, २०५१ सालं निसें २०५३ तक उपाध्यक्ष २०५३ सालं निसें २०५६ साल तक कार्य समितिया दुजःलय् च्वनाः इलय् ब्यलय् धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठि पाखें जुइगु कार्यक्रम सक्रिय जुयाः ज्या याना दिइगु खः। थुकथं वय्कलं धर्मकीर्ति संरक्षण समिति २०५३ सालं निसें २०५९ तक सह-सचिव पदय् च्वनाः थःगु जिम्मेवार पूवंका दिइगु खः। थुलिजक मखु धर्मकीर्ति संरक्षण समिति बिधिवत रूपं जिल्ला कार्यालय दर्ता जुई धुकाः धर्मकीर्ति संरक्षण कोष नामं बैधानिक मान्यता प्राप्त यायेगु ज्याये वयकःया तःधंगु देन दु। २०७२ सालं "धर्मकीर्ति स्वर्ण महोत्सव" जूबले वय्कः उद्घघोषक नं जुया दिइगु खः। धर्मकीर्ति विहारं विभिन्न थासं थासय् वनाः धर्म प्रचार याय्गु भ्वलय् वय्कलं नेतृत्व कया दिइगु दु। वय्कःया हे कार्यकालय् धर्मकीर्ति विहारे तःजिक स्वास्थ्य शीबिर संचालन जुयाः च्वंगु दु। थौंतक स्वास्थ्य शिबिर निरन्तर बाँलाक न्हयानाः च्वनाः महिनाया प्यक्वः न्याक्व शनिवाः संचालन जुयाः च्वंगु दु। थथे स्वास्थ्य शिबिर तःजिक न्ह्याः वनाः स्वयम्भू स्थित, किम्डोलय् "धर्मकीर्ति स्वास्थ केन्द्र" संचालन जुइगु तरखर जुयाः च्वंगु दु।

थथे विहारया ज्याये तक्यनानं सामाजिक एवं विभिन्न संघ संस्थाय् नं पलाः न्ह्याका दिइम्ह अमृत रत्न ताम्राकार 'नेवाः जागरणं मंच'या उपाध्यक्ष, 'नेपाल सम्वत् राष्ट्रिय न्हू दँ समारोह समिति ११३९' या कोषाध्यक्ष, 'लायन्स क्लब अफ काठमाडौं विशाल बजार'या अध्यक्ष। लायन वर्ष २०१७ निसें २०१८ तक - लायन्स क्लब इन्टरनेशनल डिष्ट्रिक ३२५ वि-१।



Downloaded from http://www.dhamma.digital

नेपालया जोन चेयरपर्सन, लायन् वर्ष २०१८ निसें २०१९ तक - लायन्स क्लब इन्टरनेशनल डिष्ट्रिक ३२५ बि- १, नेपालया कमिटी चेयरपर्सन, लायन् वर्ष २०१९ निसें २०२० तक । थथेहे, धर्मोदय सभा, नेपाल रेडक्रस सोसाइटी, स्वयम्भू ज्ञानमाला भजन खलःया आजिवन सदस्य ।

**भ्रमण** : भारत, बंगलादेश, थाइलैण्ड, हङकङ , ताइवान, जापान ।

थुकथं वय्कः छम्ह धर्मकीर्ति विहार, व धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठिया स्यल्लाःम्ह दुजः कथं साबित जुयाः दिइम्ह अमृत रत्न ताम्राकारया योगदानयात कदर यासें धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठिया वार्षिक भेलाय् "धर्मकीर्ति अश्वघोष सम्मानं" छायेपिइगु थुगु सम्मानं वय्कः सम्मानित जुया दिइत ताःलाना दिल ।

## कीर्ति तुलाधर -



भःीसं म्हसीका न्ह्यब्वये त्यनाम्ह व्यक्तित्व छम्ह अन्तरराष्ट्रिय नांजाम्ह व्यक्ति खः । मां आशा कुमारी कंसाकार, बौ कमल वीरसिं कंसाकारया कोखं सन् १९५७ Oct. 7th गते येँया न्यूरोड स्थित जन्म जुया दिइम्ह कीर्ति तुलाधर (कंसाकार) या जहान राजमान तुलाधर व कायपिं निम्ह व छ्य नापं थौंकन्हे सितापाइलाय् च्वना दिइगु खः ।

धर्मकीर्ति विहार स्थापनाकालं निसें बिहारय् वयाः च्वनाः दिइम्ह कीर्ति तुलाधर बि.सं. २०५४ सालं निसें २०५६ साल तक धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठिया दुजः खः । वय्क धर्मकीर्ति संरक्षण कोषया सचीव नं जुया दीगु खः वय्कलं धर्मकीर्ति बिहारे निरन्तर भ्रायाः तः धंक ज्याये पलाः न्हयाका दीगु धैगु "धर्मकीर्ति शिक्षा सदन" स्थापनायाना दिइगु खः । छम्ह देशया भिंम्ह नागरिक जुइत, भिंम्ह मनू जुइत दकले न्हापां बुद्ध शिक्षा, नैतिक शिक्षा बल्लाकेमाः गु आवश्यकता खः धैगु मननयानाः मचाबले हे नैतिक शिक्षा, बुद्ध शिक्षाया जगं बल्लाकेमाः गथे छैं दनेबले छैंया जग बमलात धाःसा छैं बल्लाई मखु धैगु आधार कयाः सासनधज धम्माचरिय धम्मवती गुरुमांया अध्यक्षताय् "धर्मकीर्ति शिक्षा सदन" नां तया २०६५ सालें खुसिबुँइ प्री-स्कूल स्थापना जुल । थ्व शिक्षा सदन धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठिया संस्थापक सदश्यपिं नाप मिलय् जुयाः स्थापना याःगु जुल । थ्व प्री–स्कूलयात, प्री प्राइमरी हाइस्कूल यायेगु वय्कःया सोच दयाः हानं विशेषज्ञपिनिगु सहयोगं स्वयम्भुस्थित आनन्दकुटी विद्यापीठ नाप सह कार्ययानाः निगू विद्यालयया छगू हे उद्देश्य जूगुलिं "धर्मकीर्ति शिक्षा सदन" व आनन्दकुटी विद्यापीठ छगू हे यानाः अन्तर्राष्ट्रिय स्तरया विद्यालय दयेकेगु ज्याय् वय्कलं तःधंगु भूमिका म्हिता दिल ।

"धर्मकीर्ति ब्लक" नां तयेगु ज्याय् वय्क सफलतापूर्वक न्ह्योने न्ह्याःवनाः थौं थ्व ब्लकयाः प्रिन्सीपल वय्कः कीर्ति तुलाधर खः ।

शाक्यधिता नेपालया सचिव जुया च्वना दिइबले वय्कलं यक्व हे कार्यक्रम न्ह्याका दिइगु खः । गथे उद्घोषण तालिम, नैतिक शिक्षा, बुद्ध शिक्षा विषय तया Talk Programe संचालन याना दिइगु । Meeting Procedure, लिडरशिप ट्रेनिङ्ग, मोतिभेसन एण्ड कम्यूनिकेशन Women Empowerment । शैक्षिक भ्रमण, धार्मिक भ्रमण गां-गामय् वनेगु । थुकथं २०७२-२०७३ सालं सासनधज धम्माचरिय धम्मवती गुरुमांया नेतृत्वय्, शाक्यधिता नेपालया अध्यक्ष श्रद्धेय मेत्तावती गुरुमां उपाध्यक्ष श्रद्धेय इन्दावती गुरुमांपिं शाक्यधिताया दुजःपिं नाप स्वयम्भु स्थित, किम्डोल बहालय् धर्मकीर्ति विहारया जग्गा छकू दुगु उबले व जग्गाय् घाँय् बुयाः फोहोर जुयाः च्वंगु थाय् खः । उबले बरोवर अन वनाः घाँय् पू वनेगु सफा याः वनेगु कार्यक्रम तया दिइगु खः । उबले जि नं यक्व वनागु दु । थौंकन्हे अन च्वने जिइक कोठा छकू नं दत थ्व लसताया खँ खः ।

उदाय् समाज मिसा पुचःया नायो जुया च्वनाः दिइबले, उदाय् समाजं न्ह्याकीगु ज्या धैगु संघदान, पञ्जरा, उदाय् मूना, विधि व्यवहार नियम छ्यलेगु आदि ज्याय् वय्कः थःहे न्ह्योने अगसरे जुयादी । मिसा पुचःया दुजःपिं तता, तःकेँपिं छैं च्वना ल्हा, प्वः चिनाः च्वनेम्वालेमा धैगु हेतुं २०७५ सालं चेम्वर भवन, जमलय् "स्वन्ति व्यापार मेला" निन्हु तक मेला संचालन याना, थःके दुगु प्रतिभा न्ह्योने हयाः भचा जक जूसां आय आर्जन जुइगु व्हताः चूलाका बिउगु वय्कया बाँलागु सोच खः । वय्कःनापं च्वना जिं नं यक्व ज्या याये नं । वय्कनाप ज्यायाय् बले न्ह्याईपुसे च्वँ । वय्कःया बाँलागु बिचाः खः । थःगु पुचःलय् दुने च्वंपिं सकसितं उतिग्यनेगु ज्याया कदर याना दिइगु ।



Downloaded from http://www.dhamma.digital

**शिक्षा –** कन्या मन्दिर माध्यमिक विद्यालय् अध्ययन याना एस-एल-सी पासयाना दिया पद्म कन्या क्याम्पसय् होम साइन्स बिषय ब्वनाः डिप्लोमा पास याना दिल । एक वर्ष B.Ed in Social Study हासिल याना, माष्टर इडुकेशन अध्ययन त्रि.वि.वि. यानादिल ।

1. Founder President Shakchyam
2. Vice President Junior Chamber International 2000
3. National President - Nepal Jaycess 1999
4. National Executive Vice President 1998
5. Chapter President Kathmandu Lady 1994
6. Life Member Nepal Red Cross Society
7. Life Member Nepal Israel Maitry Sanga

विभिन्न थासय् TOT Training कया दिइगु दु ।

**सम्मान** -

1. Many outstanding awards of JCI
2. International whose who of Professional and business women (American Biographical Institute)
3. JCI senator No. 59875
4. Most Outstanding National officer Award 1998 (NJC)
5. Outstanding Publication Award 1992 (NJ C)
6. Most Outstanding Secretary General Award 1991 (NJC)
7. 100% Efficiency Award 1999(JCI)
8. Shree Birendra Aysworya Sewa Padak 2058
9. Awarded of Certificate from Formal President of Nepal Rambaram Yadav and many certificate Awards of JCI International.

**भ्रमण –** United State of America, United Kingdom, France, Germany, Japan, Singapore, Taiwan, Honkong, Indonesia, Thailand, Srilanka, china, Dubai, Oman, Pakistan, Bangladesh, Myanmar, India, Different Zone of Nepal.

थुकथं वय्कः छम्ह धर्मकीर्ति विहारया ज्वः मदुम्ह दुजः खः । वय्कःया योगदानयात कदर यासे थुगुसिया "धर्मकीर्ति धम्मवती सम्मान" पाखें वय्कःयात छाय्पीगु ज्या जुल ।

वय्कःपिं निम्ह अमृत रत्न ताम्राकार व कीर्ति तुलाधर पिन्त धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठिया सकल दुजःपिं नापं जि सुमित्रा तुलाधर पाखें यक्व भिन्तुना देछाना च्वना ।

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो**



## दिवंगत अमर लक्ष्मी तुलाधर

स्वयम्भू, काठमाडौं

धर्मकीर्ति पत्रिकाका विशेष सदस्य **अमर लक्ष्मी तुलाधर** दिवंगत हुनुभयो । धर्मकीर्ति पत्रिका उहाँको सुगति एवं निर्वाण कामना गर्दै पुण्यानुमोदन गर्दछ र साथै उहाँको परिवारले संसारको त्रिलक्षण स्वभावलाई बुझी धैर्य धारण गर्न सकून भनी कामना गर्दछ ।

**धर्मकीर्ति पत्रिका परिवार**

धर्मकीर्ति विहार, श्रीघः, नःघः, काठमाडौं



Downloaded from http://www.dhamma.digital

# अल्पकालिन श्रामणेर एवं ऋषिणी प्रव्रज्या शिविर

*२०७५ चैत्र (२५ देखि २९ गतेसम्म)*
*रत्न विपश्यना विहार, सानो भऱ्याङ्ग*

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीले २०७५ साल चैत्र २५ गते देखि २९ गते सम रत्न विपश्यना विहार, सानो भऱ्याङ्गमा १८ औं पटकको अल्पकालिन श्रामणेर एवं ऋषिणी प्रव्रज्या कार्यक्रम समापन गरेको समाचार प्राप्त भएको छ । प्राप्त समाचार अनुसार ९ वर्ष देखि १५ बर्ष सम्मको बालबालिकाहरू सहभागी रहेका उक्त कार्यक्रममा १८ जना बालकहरू श्रामणेर प्रव्रज्या भएका थिए भने १७ जना बालिकाहरू ऋषिणी प्रव्रज्या भएका थिए र भिक्षु पञ्ञासारको विशेष अतिथित्वमा र भिक्षुणी इन्दावतीको सभापतित्वमा संचालित चैत्र २५ गतेको सुभारम्भ कार्यक्रममा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका सचिव लोचनतारा तुलाधरले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो । श्रद्धेय भिक्षु पञ्ञासारले कार्यक्रम मा सहभागी बालबालिकाहरूलाई पञ्चशील प्रार्थना गराउनु भएको थियो । सो पश्चात् १८ जना बालकहरूलाई श्रामणेर प्रव्रज्या शील प्रार्थना गराउनु भई श्रामणेर प्रव्रज्या गराउनु भएको थियो ।

श्रद्धेय मेत्तावती गुरुमांले १७ जना बालिकाहरूलाई ऋषिणी प्रव्रज्याको शील प्रार्थना गराउनु भई ऋषिणी प्रव्रज्या गर्नुभएको थियो ।

भिक्षुणी इन्दावती र अमीर कुमारी शाक्यको संयोजकत्वमा संचालित उक्त पाँचदिने कार्यक्रमको विवरण यसरी रहेको छ ।

| मिति २०७५ साल चैत्र | कक्षा विवरण | प्रशिक्षकहरू |
|---|---|---|
| २५ गते | प्रवज्याको महत्व | भिक्षु पञ्ञासार, इन्दावती गुरुमां |
| २५ गते | नैतिक आचरण | इन्दावती गुरुमां |
| २६ गते | मंगलसूत्र | मदन रत्न मानन्धर |
| २६ गते | मंगलसूत्र | वीर्यवती गुरुमां |
| " गते | स्वास्थ्य शिक्षा | पूर्णिमा डंगोल |
| " गते | अष्टशीलको महत्व | इन्दावती गुरुमां |
| " गते | बुद्ध जीवनी | कुशलञाणी गुरुमां |
| २७ गते | बुद्ध पूजा विधि | कुशलञाणी गुरुमां |
| " गते | World communication | अनुपा श्रेष्ठ |
| " गते | त्रिरत्न | भिक्षु पञ्ञासार |
| " गते | चित्रकला | भिक्षु उत्तमो |
| " गते | उद्घोषण कला तथा स्वागत गान | अमीर कुमारी शाक्य |
| २८ गते | दश पारमिता | इन्दावती गुरुमां |
| | ध्यान | सयादो उ सुजनपिय अनुवाद– निर्मल ञाणी गुरुमां |
| २८ गते | ह्स्तकला (Crafts) | सरोज मानन्धर |
| २८ गते | सुरु सुरु न्हयासः खुरु खु सिरपाः | अरूण सिद्धि तुलाधर र विकास तुलाधर |

**कार्यक्रम समापन** :

यसदिन धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका उपाध्यक्ष इन्दावती गुरुमांको सभापतित्व एवं सयादो उ सुजनपियको विशेष अतिथित्वमा ऋषिणी निहोना प्रधानले कार्यक्रम संचालन गर्नुभएको थियो ।

विशेष अतिथी सयादो उ सुजनपियले पञ्चशील प्रार्थना गराउनु भएको उक्त कार्यक्रममा श्रामणेर तथा ऋषिणीहरूवाट सामूहिक स्वागत गान प्रस्तुत गर्नुभएका थिए ।

ऋषिणी विभूती वज्राचार्यले स्वागत भाषण गर्नुभए पछि श्रामणेरहरू मध्ये एक न्हूजः डंगोलले प्रव्रज्या कार्यक्रम विषयको आफ्नो मन्तव्य प्रस्तुत गर्नुभएको थियो । यसरी नै ऋषिणीहरू मध्येबाट एक भलसा तुलाधरले आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो भने अभिभावक मध्येवाट श्रीमती उमा श्रेष्ठ प्रधानले आफ्नो



Downloaded from http://www.dhamma.digital

मन्तव्य व्यक्त गर्नुभएको थियो ।

उक्त पाँचदिने कार्यक्रममा संचालित विभिन्न कार्यक्रमहरूमा भाग लिई विजयी पुरस्कार प्राप्त गर्न सफल बालबालिकाहरू यसरी हुनुहुन्थ्यो ।

**(१) चित्रकला प्रतियोगिता –**

प्रथम – निहोना प्रधान

द्वितीय – अंकित महर्जन

तृतीय – तीसा तुलाधर

सान्त्वना – रियाज महर्जन

**(२) हस्तकला प्रतियोगिता –**

प्रथम – निहोना प्रधान र हार्दिक श्रेष्ठ

द्वितीय – विजय पहरी

तृतीय – रियाज महर्जन

सान्त्वना – तीसा तुलाधर, ईशा तुलाधर र भलसा तुलाधर

यसरी नै उक्त कार्यक्रममा ३ पटक सम्म लगातार प्रव्रज्या शिविरमा सहभागी हुने ऋषिणी भलसा तुलाधर लगायत अन्य सहभागी सम्पूर्ण श्रामणेर तथा ऋषिणीहरूलाई सम्झनाको चीनो स्वरूप पञ्चशील सहितको सानो फोटो इन्दावती गुरूमां र अमीर कुमारी शाक्यबाट प्रदान गरिएको थियो ।

कार्यक्रमको अन्त्यमा ऋषिणी तीसा तुलाधर र कार्यक्रम संयोजिका अमीर कुमारी शाक्यले धन्यवाद ज्ञापन गर्नुभई सभापति इन्दावती गुरुमांले आफ्नो मन्तव्य व्यक्त गर्नुभई कार्यक्रम समापन गर्नुभएको थियो ।

अल्पकालिन प्रव्रज्या शिविर संचालनार्थ रत्न विपश्यना विहारले पुऱ्याउनु भएको सहयोगको लागि धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी अल्पकालिन प्रव्रज्या शिविरले यस विहारको उत्तरोत्तर प्रगति कामनाका साथै आभार व्यक्त गर्दै यस कार्यक्रमबाट विहारलाई रू. १०,०००।- (दश हजार रूपैंया) चन्दा प्रदान गरिएको थियो ।

यस शिविर संचालनार्थ जलपान, भोजन दान गरी सहयोग गर्नुहुने दाताहरू लगायत यस कार्यक्रमको लागि आवश्यक सहयोग गर्नुहुने महानुभावहरूको नाम यसरी उल्लेख गरिएको छ ।

| मिति २०७५ | जलपान | भोजन | जूस | मिश्री काँडा |
|---|---|---|---|---|
| चैत्र २६ | चित्तवीरसिं तुलाधर | सुभद्रा स्थापित (दि.बुबा सानुकाजी स्थापितको पुण्यस्मृतिमा) | सानु श्रेष्ठ<br>पदमा श्रेष्ठ | ऐश्वर्य ताम्राकार |
| चैत्र २७ | निहोना प्रधान | ऐश्वर्य ताम्राकार सपरिवार (दि. बज्यै हर्ष शोभा र दि. बुबा तीर्थमान ताम्राकारको पुण्यस्मृतिमा) | रूवीन श्रेष्ठ<br>भलसा श्रेष्ठ | रूविन श्रेष्ठ<br>सुविद्या तुलाधर |
| चैत्र २८ | हार्दिक श्रेष्ठ | अंकित महर्जन | कृतिका रंजित, दानशोभा तुलाधर, माया महर्जन | माया महर्जन |
| चैत्र २९ | (क) मन्दिरा, इन्दिरा र रीना<br>(ख) संजीव तुलाधर | | | |

**विविधहरू :**

शिविर अवधिमा धेरै दाताहरूले विस्कुट, मिश्री, चकलेट, पाचक, फलफुल, चाउचाउ आदि दान दिई पुण्य सञ्चय गर्नुभएका थिए ।

**रकम दान** : मीना तुलाधर – रू. १०००।–

मिरियम काष्ठकार – रू. ५००।–

शिविरको आयव्यय विवरण –

आय – रू. १,०११५०।–

व्यय – रू. १,०३३६६।–

नपुग रू. २११६।–

यस पाँचदिने प्रव्रज्या शिविर अवधिभर निरन्तर रूपले स्वयं सेवकको रूपमा सेवागरी पुण्य सञ्चय गर्नु हुने सेवक सेविकाहरू यसरी हुनुहुन्छ–

(१) मीन शोभा शाक्य (२) प्रतिमा मानन्धर (३) सुनीता तुलाधर ।

बेला बेलामा आउनुभई रेखदेख गरी आवश्यक सेवा गर्नुहुने सेवक सेविकाहरू–

(१) रमा शोभा कंसाकार (२) ऐश्वर्य ताम्राकार (३) सरोज मानन्धर (४) लोचन तारा तुलाधर (५) पदमा श्रेष्ठ (६) सुमीत्रा तुलाधर (७) माया महर्जन (८) मचाकाजी महर्जन (९) सुभद्रा स्थापित (१०) सजना नकर्मी (११) दीना कंसाकार (१२) अञ्जु (१३) इन्द्रमान महर्जन आदि ।



Downloaded from http://www.dhamma.digital

अनिच्चावत संखारा उप्पादवय धम्मिनो
उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो



*जन्म :*
*वि.सं. २००१ पौष ११ गते, सोमबार*

*दिवंगत :*
*वि.सं. २०७५ माघ २१ गते, सोमबार*

# दिवंगत सह-प्राध्यापक देव रत्न कंसाकार

प्रातः स्मरणिय श्रद्धेय जहान देव रत्न कंसाकार ७५ दाया वैशय् दिवंगत जुयादिल। वयक:यागु गुणानुस्मरण यासे वयक:यात सुगति व निर्वाणया हेतु याकनं हे चूलायेमा धका: पुण्यानुमोदन याना च्वना।

जहान : तारा देवी कंसाकार

काय् : अमिन रत्न कंसाकार
भौ : रोजी कंसाकार

म्ह्याय् : जुलियाना स्थापित
जिलाजं : अनन्त स्थापित
छ्य्पिं : अजर रत्न स्थापित
अनुत्तर रत्न स्थापित

किजा : डा. दिव्य रत्न कंसाकार
किजा भौ : मीरा कंसाकार

काय्चा : प्रशान्त रत्न कंसाकार
काय्चा भौ : एलिना कंसाकार

म्ह्याय्चा : प्रतिष्ठा जोशी
जिलाजं : मणिक राज जोशी
छ्य् : मिरभ राज जोशी

तता : दान देवी तुलाधर

भिंचापिं : सरीता थापा, सर्मिता तुलाधर, सुनिता बैजु

| केहेंपिं : | जिलाजंपिं : | भिंचापिं : |
|---|---|---|
| सुशीला ताम्राकार | ऐश्वर्य रत्न ताम्राकार | सुनय्ना तुलाधर, रेजिना ताम्राकार, स्मृति तुलाधर, श्रृष्टि ताम्राकार |
| मंगला तुलाधर | अर्थरत्न तुलाधर | आस्था प्रभा तुलाधर, दृष्टि प्रभा बनिया समर्थरत्न तुलाधर |

भिंचा भौपिं :
केशरी तुलाधर
हसिना तुलाधर

व

सकल जहान परिवार



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति विहार

## गतिविधि

### विषय : महानिदान सुत्त (दीघ निकाय) १५ औं सूत्र

*२०७६ जेठ ११ गते*
*प्रवचक- उर्मिला ताम्राकार*
*प्रस्तुति- मिनरवती तुलाधर*

यस दिन उर्मिला ताम्राकारले महावर्ग अन्तर्गत १० वटा सूत्र मध्ये दोस्रो महानिदान सूत्रको विषयमा प्रवचन दिनुभएको थियो ।

हरेक सूत्रहरू बुद्धले कुनै पनि कारणले बताउनु हुन्थ्यो । जस्तो– (क) कसैले केहि सोध्यो भने (ख) भन्न मन लागेकोले (ग) कसैको हित हुने कारणले (घ) बताउनै पर्ने कारणले । यो सूत्र कुरू देशको कम्मासदम्म भन्ने ठाउँमा देशना गर्नुभएको थियो ।

निदानको अर्थ कारण हो । कारण भन्नाले जन्मनु दुःख, रोग लाग्नु, मर्नु दुःख हो । जरा-बुढा, बुढी हुनु दुःख हो । प्रतीत्य समुत्पाद ४ कारणले अत्यन्त गम्भिर, सुक्ष्म, दुवोध्य छन् । ती हुन् -
(१) अर्थ गम्भिर (२) सिद्धान्त गम्भिर (३) भगवान बुद्धले देशना गर्नु भएकोले अत्यन्त गम्भिर छ (४) यसलाई राम्ररी नबुझेको कारणले मानिस संसार चक्रमा फसिएको हुन्छ । जस्तो डोरीको गाँठो सुल्झाउन गाह्रो हुन्छ । जातिको कारणले जरा र मरण हुन्छ । भवको कारणले जन्म हुन्छ । उपादान (आसक्तिको) कारणले भव हुन्छ । तृष्णाको कारणले उपादान हुन्छ। वेदनाको कारणले तृष्णा हुन्छ। स्पर्श कारणले वेदना हुन्छ। नाम-रूपको कारणले स्पर्श हुन्छ। विज्ञानको कारणले नाम-रूप हुन्छ। वेदनाको कारण तृष्णा हुन्छ । तृष्णाको कारण उपादान हुन्छ । उपादानको कारण भव हुन्छ । भवको कारण जाति हुन्छ । जातिको कारण जरा, मरण, शोक, परिदेव, दुःख, दौर्मनस्य, उपायास हुन्छ । यसरी सम्पूर्ण दुःख स्कन्धको समुदय हुन्छ ।
दुःखको कारण तृष्णा हो । यो तीन प्रकारका छन् । जस्तो–
(१) काम तृष्णा (२) भव तृष्णा (३) विभव तृष्णा

तृष्णाको कारण पर्यवेषणा (खोज) हुन्छ, खोजको कारणले लाभ हुन्छ, लाभको कारण दृढ विचार हुन्छ, दृढ विचारको कारणले छन्द राग (प्रयत्न-इच्छा) हुन्छ, छन्द रागको कारणले प्रयास हुन्छ ,प्रयासको कारणले परिग्रह (संग्रह गर्नु) हुन्छ, परिग्रहको कारणले मात्सर्य कन्जुसी हुन्छ, मात्सर्यको कारण आरक्षा (थन्काउनु हुन्छ, आरक्षाको कारण दण्डादान वस्तु सुरक्षार्थ गर्नुपर्ने शस्त्रादान (हतियार) प्रयोग गर्नुपर्ने, कलह विग्रह विवाद ।

### धम्मपद – बुद्धवग्ग

*२०७६ जेष्ठ २५ गते, शनिवार*
*प्रवक्ता : देवकाजी शाक्य*
*प्रस्तुति : राज भाई तुलाधर*

**बहुं वे सरणं यन्ति, पब्बतानि वनाति च ।**
**आरामरूक्खचेत्यानि, मनुस्सा भयतज्जिता ॥**

खतरा देखेर भयभीत भइ मानिसहरू पर्वत, वन, उद्यान, बृक्ष र विभिन्न देवीदेवताहरूको मन्दिरमा शरण लिन जान्छन् ।

**नेतं खो सरणं खेमं, नेतं सरणमुत्तमं ।**
**नेतं सरणमागम्म, सब्ब दुक्खा पमुच्चति ॥**

तर यस्तो शरण सुरक्षित शरण होइन, उत्तम शरण पनि होइन । यस्तो शरणमा जानाले सवें दुःखबाट मुक्ति पाउन सक्तैन ।

**यो च बुद्धञ्च धम्मञ्च सङ्घञ्च सरणं गतो ।**
**चत्तारि अरियसच्चानि, सम्मप्पञ्ञाय पस्सति ॥**

जो बुद्ध धर्म र संघको शरणमा जान्छ उसले चतुर आर्यसत्यलाई प्रज्ञापूर्वक देख्दछ ।

**दुक्खं दुक्खसमुप्पादं, दुक्खस्स च अतिक्कमं ।**
**अरियंचट्ठङ्गिकंमग्गं, दुक्खूपसमगामिनं ॥**

यसरी शरणमा जाने व्यक्तिले दुःख दुःखको कारण, दुःखको निरोध र निरोधमा पुऱ्याउने आर्य अष्टाङ्गिक मार्गलाई प्रज्ञाद्वारा राम्ररी देख्दछ ।
एतं खो सरणं खेमं, एतं सरणमुत्तमं ।
एतं सरणमागम्म, सब्ब दुक्खा पमुच्चति ॥

त्यसैले यो (त्रिरत्नको) शरण नै सबैभन्दा सुरक्षित र उत्तम शरण हो । यसको शरणमा आए पछि सबै दुःखबाट मुक्त हुन्छ ।

भगवान बुद्धले माथिको पाँचवटा गाथाहरू अग्गिदत्त ब्राम्हणको सन्दर्भमा व्यक्त गर्नुभएको थियो ।



Downloaded from http://www.dhamma.digital

अग्गिदत्त पहिला राजपुरोहित थिए, पछि परिव्राजक बने । उसका धेरै चेला र अनुयायीहरू थिए । उसले आफ्ना चेलाहरूलाई जीवनको सबै दुःखहरूबाट मुक्त हुन पर्वत, वन, उद्यान, बृक्ष अथवा मन्दिरमा शरण लिन जाउ भन्ने गर्थे ।

एकदिन भगवानले आफ्नो करूणासमापत्ति ध्यानमा अग्गिदन्त र उसका चेलाहरूलाई देख्नु भयो र जान्नु भयो कि उनीहरू सबै अर्हत प्राप्त गर्न सक्ने भइसकेका छन्। अनि भगवानले मौद्‌गल्यायन भन्तेलाई अग्गिदत्तकहाँ जानलाई भन्नुभयो र पछि आफु पनि त्यहां आउने बताउनु भयो । मौद्‌गल्यायन भन्ते अग्गिदत्तको आश्रममा गएर एक रातको लागि वास दिन आग्रह गरे । पहिला त दिन मानेन, तर भन्तेले धेरै अनुरोध गरेपछि आश्रम संगै रहेको एउटा माटो मिसिएको बालुवाको धिस्कोमा बस्न अनुमति दिए । त्यो धिस्कोमा एउटा शक्तिशाली नाग बस्ने गरेको थियो । उसले भन्तेलाई त्यहाँ बस्न नदिन निकै प्रयत्न गरे, तर मौद्‌गल्यायन भन्तेको ऋद्धि वलको अगाडि नागको केही जोर चलेन । त्यसपछि नागले भन्ते लाई सत्कार गरेर आफ्नो फणले छाता जस्तो ओढाएर बसे । विहान सवेरै अग्गिदत्त र उसका चेलाहरू आएर हेर्न आउँदा यस्तो दृष्य देखेर छक्क परे । उनीहरूले भन्ते जीवित छैन होला भनेर सोचका थिए । त्यही वेला भगवान पनि त्यहां आइपुग्नु भयो । मौद्‌गल्यायन भन्तेले धिस्को माथिको आसनबाट ओर्लेर भगवानलाई नमन गर्नु भयो र त्यहां उपस्थित सवैलाई भन्नु भयो, " वहाँ मेरो गुरु सर्वज्ञ बुद्ध हुनहुन्छ, म महान गुरूको एउटा विनम्र शिष्य हुँ ।" मौद्‌गल्यायन भन्तेबाटै धेरै प्रभावित भइसकेका अग्गिदत्त र उसका शिष्यहरू बुद्धबाट झनै धेरै प्रभावित भए । त्यसपछि बुद्धले त्यहां उपस्थित सबैलाई कस्तो शरण सवभन्दा उत्तम हुन्छ भनी माथिको गाथाहरू व्यक्त गर्नु भइ उपदेश दिनुभयो । उपदेशको अन्तमा अग्गिदत्त र उसका अनुयायीहरू सबै अर्हत भए ।

★ असंख्य कल्पका कुराहरू स्मरण गर्नसक्नेहरू बुद्धकालमा बुद्ध बाहेक अरू ४ जना थिए - (१) सारिपुत्र (२) मौद्‌गल्यायन (३) वक्कुल भिक्षु (४) यशोधरा

*(साभार- बौद्ध दर्पण)*

## विषय : विशुद्धि मार्ग

*२०७६ जेष्ठ ३२ गते, शनिवार*
*प्रवचक : डा. त्रिरत्न मानन्धर*
*प्रस्तुति : उष्णीषतारा तुलाधर*

गत जेठ ३२ गते, शनिवार धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको नियमित शनिवारीय कक्षामा प्रवचक डा. त्रिरत्न मानन्धरज्यूले विशुद्धि मार्ग अन्तर्गत प्रतीत्य समुत्पाद विषयमा कक्षा लिनुभयो । कक्षाको प्रमुख कुराहरु यसप्रकार छन् ।

प्रतीत्य समुत्पाद (Dependent Origination) लाई 'कार्यकारण सिद्धान्त' वा 'हेतुवादको सिद्धान्त' पनि भनिन्छ। कुनै पनि धर्मको स्वतन्त्र अस्तित्व छैन। एकको भर परेर अर्को उत्पत्ति हुन्छ। सबै धर्म हेतुद्वारा प्रभावित भइरहेको हुन्छ। यस धर्म उपदेशमा प्राणीहरु संसारचक्रमा जन्मनुका कारक तत्वको रूपमा रहेका बाऱ्ह वटा श्रृंखलाहरूको बारेमा भगवान बुद्धले बताउनुभएको छ । जुन यसप्रकार छन् ।

१. अविद्या : संसारको स्वभावको बारेमा, चतुआर्यसत्यको बारेमा अनविज्ञ हुनु अविद्या हो ।
२. संस्कार : काय कर्म, वची कर्म, मनो कर्मद्वारा कर्म संग्रह गरिरहेका हुन्छौं । कुनै पनि क्रिया माथि प्रतिक्रिया गऱ्यो भने कर्म बन्छ । यो नै संस्कार हो। अविद्याबाट नै संस्कार बन्छ ।
३. विज्ञान : हामीले राम्रो वा नराम्रो कामको कारण चित्त उत्पन्न हुन्छ, यो पहिलो विज्ञान 'प्रतिसन्धि चित्त' हो। यसैलाई विज्ञान भनिन्छ। विज्ञानको कारण नामरूप उत्पन्न हुन्छ ।
४. नामरूप : विज्ञानको तत्क्षण नामरूप आउँछ। गर्भमा जाने बेला नामसँगै विज्ञान र रूप पनि जान्छ । नामरूपको कारण षडायतन उत्पन्न हुन्छ ।
५. षडायतन : आँखा, कान, नाख, जिब्रो, छाला र मन गरी छ इन्द्रियहरूलाई षडायतन भनिन्छ। षडायतनको कारण स्पर्श उत्पन्न हुन्छ ।
६. स्पर्श : आयतनको केही न केही वस्तुसित सम्पर्क हुन्छ । आँखाको रूप, कानको शब्द, नाकको गन्ध, जिब्रोको रस, छालाको स्पर्श, मनको कल्पनासित स्पर्श अथवा सम्पर्क हुन्छ । स्पर्श भएपछि वेदना उत्पन्न हुन्छ ।



Downloaded from http://www.dhamma.digital

७. वेदना : स्पर्श भएपछि उत्पन्न हुने अनुभूति वेदना हो। वेदना ३ प्रकारका छन् । सुख वेदना, दुःख वेदना, असुख-अदुःख वेदना। आयतन र स्पर्शको आधार मा वेदना हुन्छ। वेदनाको कारण तृष्णा उत्पन्न हुन्छ।
८. तृष्णा : सुख वेदना भयो भने फेरी पनि आओस् भन्ने चाहना हुने र दुःख वेदना भयो भने त्यसबाट टाढा रहने इच्छा हुनु तृष्णा हो। सुख वेदनामा राग र दुःख वेदनामा द्वेष उत्पन्न हुन्छ। यसरी राग, द्वेष उत्पन्न गर्नुहुन्न भन्ने ज्ञान नहुनु मोह हो। वेदनाप्रति तटस्थ भाव राख्यो भने प्रतित्य समुत्पादबाट बाहिर निस्कने प्रयास गर्न सकिन्छ। तृष्णाका कारण उपादान (दृढ आसक्ति) उत्पन्न हुन्छ।
९. उपादान : देखेको चिज वा पंचकामगुणप्रति दृढ आसक्ति उत्पन्न भयो भने यसलाई उपादान भनिन्छ। उपादानको संग्रह थुप्रेपछि भव उत्पन्न हुन्छ।
१०. भव : आ-आफ्नो कर्मको कारण संसारचक्रमा घुम्नुपर्ने हुन्छ, यसैलाई भव भनिन्छ। भवको कारण जाति उत्पन्न हुन्छ।
११. जाति (जन्म) - आफ्नो चित्तवृत्तिअनुसार जन्मन पुगिन्छ। जन्म भएको कारणले वृद्ध, मरण हुनुपर्ने हुन्छ।
१२. जरा मरण : जातिको कारणले वृद्धता, मरण, शोक, सन्ताप, शारीरिक दुःख तथा मानसिक दुःख आदि उत्पन्न हुन्छ।

यसप्रकार प्राणीहरू संसारचक्रमा घुमिरहन्छन्।

## अभिधर्म - ३

*२०७६ अषाढ ७ गते, शनिवार*
*प्रवचक- भिक्षु पञ्ञासार महास्थविर*
*प्रस्तुति- उष्णीषतारा तुलाधर*

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीको नियमित शनिवारीय कक्षा अन्तर्गत असार ७ गते शनिवारका दिन त्रिपिटक विशारद श्रद्धेय भिक्षु पञ्ञासार महास्थिवरद्वारा अभिधर्मको कक्षा सञ्चालन भयो। कक्षामा भन्तेले बताउनुभएका प्रमुख कुराहरू निम्न रूपमा छन् -

भन्तेले 'अभिधर्म' मनुष्यलोकमा कसरी आयो भन्ने कुरा चर्चा गर्नुभयो। भगवान् बुद्ध तावतिंस देवलोकबाट मनुष्यलोकमा आउनुभई सारिपुत्र भन्तेलाई संक्षिप्तमा अभिधर्म देशना गर्नुभएको थियो। सारिपुत्र भन्तेले जेतवन विहारमा वहाँका ५०० जवान शिष्यहरूलाई अभिधर्म देशना गर्नुहुन्थ्यो। यी ५०० जवान भिक्षुहरूको तर्फबाट अभिधर्म मनुष्यलोकमा प्रचारमा आयो। भगवान् बुद्धले सारिपुत्र भन्तेलाई किन अभिधर्म बताउनु भयो भन्ने सन्दर्भमा केहि कारणहरू निम्न प्रकारले छन्। सारिपुत्र भन्ते प्रज्ञावान् भिक्षुहरूमध्ये अग्र हुनुहुन्थ्यो। वहाँमा भएको प्रज्ञा अरू कसैसित पनि समान छैन। भगवान् बुद्धले संक्षिप्त रूपमा बताउनुभएको धर्मलाई विस्तृत रूपले बताउनुभएको धर्मलाई संक्षिप्तमा देशना गर्नसक्ने क्षमता वहाँमा थियो। सारिपुत्र भन्ते प्रज्ञावान् हुनुभएकोले अभिधर्म देशना वहाँलाई गर्नुभएको थियो।

**अभिधर्मको महत्व -**

अभिधर्मलाई बुझेर लिएपछि मात्रै विश्व ब्रह्माण्डको कुरा थाहा पाउन सकिन्छ। भगवान् बुद्धले बताउनुभएको आर्य अष्टाङ्गिक मार्गको अनुशरण गरेमा यस लोकको अन्त जान्न सकिन्छ। धर्मभित्र लोक भन्नाले आँखा, कान, नाक, जिब्रो, छाला र मन हुन्। आँखाको रूपसित, कानको शब्द, नाकको गन्ध, जिब्रोको रस, छालाको स्पर्श, मनको कल्पनासित क्रियाकार्यत्व हुन्छ त्यो नै लोक हो। अभिधर्म बुझ्नु भनेको आफैले आफैलाई चिन्नु बुझ्नु हो। आफ्नो बारे जानकारी लिने कला नै अभिधर्म हो।

भगवान् बुद्ध बोधिमण्डपमा ध्यान बस्नुहुँदा 'म' भन्ने को हो र 'शरीर' भन्ने के हो भन्ने प्रश्न आफैले आफैलाई सोध्नुभएको थियो। म (सिद्धार्थ) भन्ने कोहि छैन। 'म' भित्र केसा (रौं), लोमा (आङको रौं), नखा (नङ), दन्त (दाँत), तचो (छाला) बाहेक केही छैन। शरीर भित्र हेर्दा पठवी, आपो, तेजो, वायेधातु मात्र प्राप्त भयो। यो त केवल शरीरको स्वभाव मात्र हो भन्ने कुरा जान्नुभयो।

■

★ बुद्धको पालामा ५ ख्यातिप्राप्त निर्ग्रन्थहरू (=जैन मतालम्बीहरू) बुद्धको शरणमा आएका थिए -
(१) वप्प शाक्य (बुद्धको काका)
(२) अभय राजकुमार (बिम्बिसारको छोरो)
(३) असिबन्धक पुत्र
(४) सिंह सेनापति (बैशालीको सेनापति)
(५) उपालि गृहपति *(साभार- बौद्ध दर्पण)*



Downloaded from http://www.dhamma.digital

समाचार

## क्यान्सर रोग विषयमा जानकारी प्रस्तुत


*२०७६ असार २० गते, धर्मकीर्ति विहार, धम्महल ।*

यसदिन नयाँदिल्ली स्थित बि.एल. कपूर अस्पतालका क्यान्सर विशेषज्ञ डा. आर. रंगाराववाट क्यान्सर रोग सम्बन्धि जानकारी प्रस्तुत गर्नुभयो ।

धर्मकीर्ति विहारका प्रमुख भिक्षुणी धम्मवतीलाई भारतका वि.एल.कपुर अस्पतालमा क्यान्सर रोगको उपचार गर्नुभएको प्रमुख चिकित्सक डा. रंगाराव नै हुनुहुन्थ्यो । यसपाली पनि नेपाल भ्रमणको क्रममा उहाँले धम्मवती गुरुमांलाई भेट्न विहार आउनु भइको थियो ।

मन्तव्य व्यक्त गर्नुहुने क्रममा उहाँले भिक्षुणी धम्मवती गुरुमांको सकारात्मक विचारधारा र मनोबल शक्तिको कारणले उहाँको रोग निवारण गर्न टेवा मिलेको कुरा व्यक्त गर्नुभएको थियो ।

यसको साथै हामीले खानपिनको पथपहरेजमा बस्न सकेमा पनि धेरै मात्रामा रोगबाट बच्न सकिने सल्लाह दिनुभयो ।



*डा. रंगाराव स्वास्थ्य सम्बन्धि जानकारी प्रस्तुत गर्नुहुँदै ।*

## रूसी राजदूतावासका सचिवबाट प्रवचन

*२०७६ असार २० शुक्रवार, धर्मकीर्ति विहार धम्महल ।*


यसदिन रूसी राजदूतावासका सचिव एवं रूसी विज्ञान तथा संस्कृति केन्द्रका निर्देशक इलुया एण्ड्रोसोभाले "Buddhism for Peace" विषयमा प्रवचन दिनुभएको थियो । प्रवचनको क्रममा उहाँले नेपालमा जन्मनु भएका भगवान् बुद्धको शिक्षाको आज विश्वमा फैलिरहेको अशान्ति हटाउन सहयोग पुगिरहेको विषयमा उल्लेख गर्नुभयो । रूसी भाषबाट दिनुभएको उक्त प्रवचनलाई सुशील सिग्देल ज्यूले नेपाली भाषामा रूपान्तर गर्नुभएको थियो ।

भिक्षुणी धम्मवतीले पञ्चशील प्रार्थना गराउनु भई शुभारम्भ गर्नुभएको उक्त कार्यक्रम धर्मकीर्ति संरक्षण कोषका सचिव प्रफुल्ल कमल ताम्राकारले संचालन गर्नुभएको थियो। कोषाध्यक्ष अजय रत्न स्थापितले स्वागत गर्नुभएको थियो ।

प्रवचन पश्चात् श्रोता वर्गको तर्फवाट मीना तुलाधर, स्वराज शाक्य, अजय स्थापित, चन्द्रेश रत्न तुलाधर र जित कुमार थापा लगायतका श्रोताहरूबाट प्रश्न सोधिएको थियो भने प्रवचक इलुयाले सबै प्रश्नको सन्तोषजनक उत्तर प्रस्तुत गरी प्रश्नकर्त्ताहरूलाई सन्तुष्ट पार्नुभएको थियो ।



Downloaded from http://www.dhamma.digital




कार्यक्रमको अन्त्यमा धर्मकीर्ति संरक्षण कोषका सदस्य मदन रत्न मानन्धरले धन्यवाद ज्ञापन गर्नुभएको थियो । सो पश्चात् कार्यक्रमको अन्त्यमा भिक्षुणी धम्मवतीले सभापतिको आशनबाट मन्तव्य व्यक्त गर्नुहुँदै भन्नुभयो –

**पञ्ञावन्तस्स अयं धम्मो, नायो वन्तस्स धम्मो ।**



*"Buddhism for Peace"*
*विषयमा प्रवचन दिनुहुँदै एण्ड्रोसोभा*

अर्थात् बुद्ध शिक्षालाई बुद्धि भएका व्यक्तिहरूले मात्र बुझ्न सक्दछन् । अरूले बुझ्न सक्दैनन् । त्यसैले बुद्धि भएका व्यक्तिहरूले बुद्ध शिक्षा अध्ययन गरी अभ्यास पनि गर्न सकेमा यहिं यसको फल पनि प्राप्त गर्न सकिनेछ ।" प्रवचकज्यूलाई भिक्षुणी धम्मवतीले उपहार पनि प्रदान गर्नुभएको थियो ।

## धर्मकीर्ति ज्ञानमाला भजनया गतिविधि

*प्रस्तुति- प्रेमलक्ष्मी तुलाधर*

१) ने.सं. ११३९ बछलागा षष्टी कुन्हु (२०७६-२-११) निर्वाण मूर्ति किण्डोल विहार, सम्पन्न भिक्षु महासंघ पाखें महापरित्राण पाठया भ्वलय् धम्मविजया गुरूमांया ब्वनाय् गुरू पन्नाकाजीया नेतृत्वय् धर्मकीर्ति ज्ञानमाला भजन प्रस्तुत जूगु जुल ।

गुरुमां पाखें रू ५,०००/-दां ग्वाहालि स्वरूप भजनयात बियाबिज्यागु खः ।

खर्च - यातायात व विविध १,५००।/

२) ने.सं. ११३९ बछलाथ्व अष्टमी कुन्हु मैत्रीबोधिसत्व विहार जमः बहालय् जवनवती गुरूमां पाखें बुद्ध पूजा केशावती गुरूमां पाखें धर्मदेशना याना बिज्याःगु थुगु ज्याभ्वलय् धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन पाखें भजन प्रस्तुत जूगु खः ।

धर्मकीर्ति लक्ष्मी नानी ङत पुचः पाखें जलपान प्रायोजन जूगु थुगु ज्या भ्वले वयकः पिं पाखें भजनयात २,०००/-दां चन्दा बियादीगु खः ।

खर्च - ५००/- जूगु खः ।



Downloaded from http://www.dhamma.digital

अनिच्चावत संखारा उप्पादवय धम्मिनो
उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो



दि. कृष्णदेवी वज्राचार्य



दि. रत्नमाया महर्जन



दि. केशरी लक्ष्मी कंसाकार



दि. सानु बहिनी राजकर्णिकार



दि. देवरत्न कंसाकार

धर्मकीर्ति ज्ञानमाला भजन खलःया दुजःपिं नगीना जोशीया मां दिवंगत कृष्ण देवी वज्राचार्य, रीता महर्जनया माजु दिवंगत रत्नमाया महर्जन, प्रभावती स्थापितया मां दिवंगत केशरी लक्ष्मी कंसाकार, दुजः दिवंगत सानु बहिनी राजकर्णिकार, तारादेवी कंसाकारया जहान दिवंगत देवरत्न कंसाकार पिनि पुण्य स्मृतिस सुगति व निर्वाण कामना यासे पुण्यानुमोदन यानाच्वना ।

म्हिगः खनापिं थौं मखना, थौं खनापिं कन्हय् मखनीगु प्रकृतीया निमययात थ्वीकाः दिवंगत जुयादीपिनि छ्येजःपिसं धैर्य धारण याये फयेमा धकाः कामना यानाच्वना ।

## धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन खलः

धर्मकीर्ति विहार, श्रीघः, नःघः, यें



Downloaded from http://www.dhamma.digital

Downloaded from http://www.dhamma.digital